# जिल्ला समन्वय समितिको कार्यालय
## धनकुटा

फोन नं. ०२६-५२२-१२३,१२४,१२५,७९१
इमेल:ddc.dhankuta.mofald@gmail.com

कोशी प्रदेश, नेपाल


प.सं. : २०८१/८२
च.नं. : 262

मिति :२०८२/०३/२४

**विषय : प्रतिवेदन पेश गरिएको सम्बन्धमा ।**

श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं ।

प्रस्तुत विषयमा ताहाँ मन्त्रालयबाट यस जिल्लास्थित स्थानीय तहमा रहेका महिला तथा बालबालिका/सामाजिक विकास शाखाको अनुगमन गर्नका लागि आवश्यक बजेट तथा कार्यक्रम प्राप्त भएको र सो अनुगमन गर्ने क्रममा जिल्ला समन्वय समितिको मिति २०८२/०२/१४ गतेको बैठकबाट मिति २०८२ ज्येष्ठ मसान्तसम्ममा जिल्लास्थित सातवटै स्थानीय तहका महिला तथा बालबालिका शाखाको अनुगमन कार्य सम्पन्न गर्ने निर्णय भए अनुसार यस जिल्ला समन्वय समितिबाट प्रमुखज्यू, उपप्रमुखज्यू, सदस्यज्यू एवम् कर्मचारीहरुबाट मिति २०८२ ज्येष्ठ मसान्तभित्रमा जिल्लास्थित सातवटै स्थानीय तहका महिला तथा बालबालिका शाखाको अनुगमन कार्य सम्पन्न गरिएको र अनुगमन पश्चात कार्यालयबाट तयार पारिएको अनुगमन प्रतिवेदन यसै पत्रासाथ संलग्न राखी पठाइएको ब्यहोरा अनुरोध छ । साथै सवै पालिकामा अनुगमन गरिएको अनुगमन फाराम तथा पालिकामा अनुगमन पश्चात पालिकाका पदाधिकारी तथा कर्मचारी र जिल्ला समन्वय समितिका पदाधिकारी तथा कर्मचारीबीच भएको बैठकको उपस्थिति तथा निर्णय प्रति समेत यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा समेत अनुरोध छ ।

प्रविनहाङ योङहाङ
नि. जिल्ला समन्वय अधिकारी
नि. जिल्ला समन्वय अधिकारी

**बोधार्थ**

श्री सामाजिक विकास मन्त्रालय,
(सामाजिक विकास महाशाखा)
कोशी प्रदेश, विराटनगर ।
श्री धनकुटा/पाख्रीवास/महालक्ष्मी नगरपालिका, धनकुटा ।
श्री साँगुरीगढी/सहिदभूमि/चौविसे/छथर जोरपाटी गाउँपालिका, धनकुटा ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पेश गर्ने प्रयोजनका लागि तयार पारिएको



# धनकुटा जिल्लास्थित स्थानीय तहमा रहेका महिला तथा बालबालिका शाखाको

# अनुगमन प्रतिवेदन, २०८२

**प्रतिवेदन तयारी**

जिल्ला समन्वय समितिको कार्यालय, धनकुटा


**तयार गर्ने**
राजिव सुवेदी
नायव सुव्वा
जिल्ला समन्वय समितिको कार्यालय, धनकुटा।

**प्रमाणित गर्ने**
प्रविनहाङ योङहाङ
नि. जिल्ला समन्वय अधिकारी
जिल्ला समन्वय समितिको कार्यालय, धनकुटा।

विषयसूची

## Contents

१. परिचय........................................................................................................................................ 1
१.१ धनकुटा जिल्लाको परिचय ........................................................................................................ 1
१.१.१ ऐतिहासिक पृष्ठभूमि ................................................................................................................ 1
१.१.२ भौगोलिक अवस्थिति................................................................................................................. 1
१.१.३ प्रशासनिक विभाजन................................................................................................................. 2
१.१.४ जिल्ला सिमाना......................................................................................................................... 2
१.१.५ जनसंख्या ............................................................................................................................... 2
१.२ स्थानीय तहहरुको संक्षिप्त परिचय.................................................................................................. 2
१.२.१ धनकुटा नगरपालिका ................................................................................................................ 2
१.२.२ पाख्रीवास नगरपालिका ............................................................................................................. 3
१.२.३ महालक्ष्मी नगरपालिका ............................................................................................................ 3
१.२.४ छथर जोरपाटी गाउँपालिका........................................................................................................ 3
१.२.५ सहिदभूमि गाउँपालिका ............................................................................................................ 4
१.२.६ साँगुरीगढी गाउँपालिका ............................................................................................................ 4
१.२.७ चौविसे गाउँपालिका.................................................................................................................. 4
२. स्थानीय तहका महिला तथा बालबालिका शाखाको अनुगमन ...................................................................... 5
२.१ अनुगमन पृष्ठभूमि ..................................................................................................................... 5
२.२ सम्पर्क व्यक्तिका जिम्मेवारीहरु/कार्यविवरण.................................................................................... 5
२.३ अनुगमनको उद्देश्य .................................................................................................................... 5
२.४ अनुगमनका अपेक्षित उपलब्धीहरु................................................................................................... 6
२.५ अनुगमनमा खटिने महानुभावहरु ................................................................................................... 6
२.६ स्थानीय तहमा शाखाको व्यवस्था .................................................................................................. 6
२.७ स्थानीय तहगत जनशक्तिको अवस्था .............................................................................................. 6
२.८ स्थानीय तहमा प्राप्त बजेट ............................................................................................................ 7
२.९ शाखाद्वारा कार्यसम्पादनको अवस्था ............................................................................................... 8
२.९.१ धनकुटा नगरपालिका................................................................................................................ 8

जि. जिल्ला समन्वय अधिकारी

२.९.२ पाख्रीवास नगरपालिका ........ 9
२.९.३ महालक्ष्मी नगरपालिका ........ 10
२.९.४ छथर जोरपाटी गाउँपालिका ........ 11
२.९.५ सहिदभूमि गाउँपालिका ........ 12
२.९.६ साँगुरीगढी गाउँपालिका ........ 13
२.९.७ चौबिसे गाउँपालिका........ 14
२.१० महिला तथा बालबालिका शाखाबाट भएका असल अभ्यासहरु ........ 15
२.१०.१ धनकुटा नगरपालिका ........ 15
२.१०.२ पाख्रीवास नगरपालिका ........ 15
२.१०.३ महालक्ष्मी नगरपालिका ........ 15
२.१०.४ छथर जोरपाटी गाउँपालिका ........ 16
२.१०.५ सहिदभूमि गाउँपालिका........ 16
२.१०.६ साँगुरीगढी गाउँपालिका ........ 16
२.१०.७ चौबिसे गाउँपालिका ........ 17
२.११ शाखाले सामना गर्नुपरेका समस्या एवम् चुनौतीहरु........ 18
२.११.१ आन्तरिक चुनौति........ 18
२.११.२ बाह्य चुनौति ........ 18
२.१२ शाखाको अन्य संघ संस्थाहरुसँगको समन्वयको अवस्था ........ 19
२.१३ तथ्याङ्किय सूचकहरु........ 19
३. प्रतिवेदन निष्कर्ष तथा सल्लाह सुझाव ........ 24
३.१ निष्कर्ष: ........ 24
३.२ सल्लाह/सुझाव ........ 26
३.२.१ स्थानीय तहका लागि सल्लाह/सुझावहरु ........ 26
३.२.२ संघ तथा प्रदेश सरकारका लागि सल्लाह/सुझावहरु ........ 27
३.३ अनुगमनका क्रममा लिइएका केही तस्वीरहरु........ 28

नि: जिल्ला समन्वय अधिकारी

# १. परिचय

## १.१ धनकुटा जिल्लाको परिचय

### १.१.१ ऐतिहासिक पृष्ठभूमि

नेपाल एकीकरण हुनु अघि हालको धनकुटा जिल्लाको भू-भाग पल्लो किराँत राज्य अन्तर्गत पर्दथ्यो । काठमाण्डौमा मल्ल राजाहरुको शासनकालको समयमा अथवा नेपालमा बाइसी चौबिसी राज्य हुँदा धनकुटा भेगमा 'हाङ' को दर्जाबाट लिम्बूहरु राज्य गर्दथे । त्यसताका अरुणनदीको वारिपट्टी चौदण्डी पल्लो किराँतका १७ थुममा बाह्रजना हाङहरु राज्य गर्दथे । नेपाल एकीकरण अभियानका क्रममा पल्लो किराँतका १७ थुमहरु गोर्खाली सेनाले आफ्नो अधीनमा लिएपछि इ.सं.१७७४ देखि श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहको नेतृत्वमा प्रशासित हुन थालेको उल्लेख भएको पाइन्छ । श्री ५ राजेन्द्रविक्रम शाह र प्रधानमन्त्री भीमसेन थापाको शासनकालमा प्रशासनिक दृष्टिकोणले वि.सं.१८७३ साल पश्चात देश १० जिल्लामा विभाजन भयो । विभाजन अनुसार दूधकोशी पुर्व माझ किराँत तथा पल्लो किराँत मेची सिमानासम्मको भू-भाग चैनपूर धनकुटा जिल्ला अन्तर्गत पर्दथ्यो । राणाकालका तेस्रो प्रधानमन्त्रीका रुपमा वि.सं. १९४२ सालतिर बीर शम्सेर भए । उनको कार्यकालमा शाहकालीन नेपालको १० जिल्लाहरुलाई बत्तीस जिल्लामा विभाजन गरियो । यसै समयदेखि जिल्लाहरुको स्वरुपमा एकरुपता आएको र सामान्य परिवर्तन वाहेक राणाकालको अन्त्यसम्म जिल्लाहरुको त्यही स्वरुप रहेको देखिन्छ । पहाडी बीस जिल्लाहरुमा साधारणतया एक जना बडा हाकिम रहने व्यवस्था लागु गरियो । तर ती बीस जिल्लामध्ये पाल्पा, धनकुटा र डोटी जिल्लाहरुलाई बिशेष स्थान प्राप्त भयो । पश्चिममा पाल्पा र डोटी, पूर्वमा धनकुटा जिल्लालाई गौंडा बनाइयो । धनकुटा गौंडा बडा हाकिमको अधीनमा पूर्व १ नम्वर, २ नम्वर, ३ नम्वर, ४ नम्वर, इलाम र धनकुटा गरी ६ जिल्ला पर्दथे । त्यस समयको धनकुटा जिल्लाको क्षेत्रफल पनि ठूलो थियो । हालको संखुवासभा, तेह्रथुम, ताप्लेजुङ्ग, पाँचथर र धनकुटा गरी ५ जिल्लाको भू-भाग त्यस वखत धनकुटा १ जिल्लाको रुपमा थियो । धनकुटा गौंडा बनाइएको कारणले पूर्व क्षेत्रको धनकुटा जिल्ला शाहकालको जस्तै ठूलो प्रशासनिक केन्द्र भयो । २०१९ सालमा नेपाल अधिराज्यलाई १४ अञ्चल, ७५ जिल्लामा बिभाजन गरिएपछि छथर पश्चिम, धनकुटा, खाल्सा, मिक्लुङ पहाड, चौविसे र झलहरा गरी छथुमहरु गाभेर धनकुटा जिल्ला बनाइयो । चौध अञ्चल ७५ जिल्ला विभाजन हुँदा साविकमा धनकुटा जिल्लाले चर्चेको भू-भाग पाँच जिल्लामा बाँडिएपछि हालको धनकुटा जिल्ला ६ वटा थुमहरु मिलेर बनेको सानो भू-भागमा सीमित रह्यो । धनकुटा नामकरण धनकुटा नाम कसरी रहन गयो भन्ने सम्वन्धमा मेची देखि महाकालीमा यस्तो उल्लेख भएको छ । धनकुटाको सदरमुकाममा कागते पोखरी अवस्थित छ । यो पोखरीको केही उत्तरमा डाँडाका दुई थुम्काहरु छन् । झलक्क हेर्दा यी थुम्काहरु ढिकीमा खामाहरु देखिने तथा कागते पोखरी धान कुट्ने ओखल जस्तो लाग्ने र धान कुटेको जस्तो अनुभूति हुने हुँदा धानकुटा अर्थात "धनकुटा" रहेको हो भन्ने स्थानीय जनश्रुति छ ।

### १.१.२ भौगोलिक अवस्थिति

धनकुटा जिल्लाको भौगोलिक अवस्थिति निन्नानुसार रहेको छ ।

क्षेत्रफलः-८८८.७ बर्ग किलोमिटर

सिमानाः-पूर्वमा तेह्रथुम र पाँचथर, पश्चिममा भोजपुर र उदयपुर, उत्तरमा संखुवासभा, दक्षिणमा मोरङ र सुनसरी ।

अक्षांशः-२६°५३" देखि २७°१९" सम्म

देशान्तरः-८७°१९" देखि ८७°३३" सम्म

औषत उचाइ -१२० मीटर कोकाहा खोला देखि २७०२ मीटर सम्म मूर्तिढुंगाको पटेक डाँडा रहेको छ ।

### १.१.३ प्रशासनिक विभाजन

नेपालको सुन्दर पूर्वी पहाडी जिल्ला अन्तर्गत रहेको जिल्ला प्रशासनिक क्षेत्रको हिसावले नेपालको प्रशासनिक विभाजन साविक पाँच विकास क्षेत्र हुँदा पूर्वाञ्चल विकास क्षेत्र १६ जिल्लाको क्षेत्रीय सदरमुकामको रुपमा रहेको थियो । जुन वेला धनकुटा जिल्ला निर्वाचन क्षेत्र-२ वटा, ११ वटा इलाका, नगरपालिका १ वटा र गाउँ विकास समिति ३५ वटामा विभाजित थियो । जसको क्षेत्रीय सदरमुकाम धनकुटा जिल्ला थियो । नेपालको संविधान (२०७२ साल असोज ३ गते) जारी भए पश्चात राज्यको पुन:संरचनाबाट कोशी प्रदेशमा रहेको यस जिल्लामा प्रतिनिधि सभा निर्वाचन क्षेत्र १ वटा, प्रदेशसभाको निर्वाचन क्षेत्र- २ वटा, नगरपालिका ३ वटा र गाउँपालिका ४ वटा गरि जम्मा ७ वटा स्थानीय तहमा ६० वटा वडाहरु रहेका छन् ।

### १.१.४ जिल्ला सिमाना

यस जिल्लाको पूर्वमा तेह्रथुम र पाँचथर, पश्चिममा भोजपुर र उदयपुर, उत्तरमा संखुवासभा र दक्षिण मोरङ्ग र सुनसरी जिल्ला रहेका छन् ।

### १.१.५ जनसंख्या

वि.सं. २०७८ को जनगणना अनुसार यस धनकुटा जिल्लाको केही जनसङ्ख्यिक स्थिति तलको तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. १
जनसांख्यिक विवरण

| विवरण | २०७८ को जनगणना | विवरण | २०७८ को जनगणना |
|---|---|---|---|
| जम्मा घर धुरी संख्या | ३७६४८ | कुल जम्मा जनसंख्या | १५०५९९ |
| महिला | ७६७७५ | पुरूष | ७३८२४ |
| साक्षरता प्रतिशत | ८१.४ | वार्षिक जनसंख्या वृद्धिदर | -०.७८ |
| जनघनत्व | १६९ प्रति वर्ग कि.मी. | जन्मदर्ता प्रतिशत | ७५.४ |
| लैङ्गिक अनुपात | ९६.१६ | अपाङ्गता भएको जनसंख्याको प्रतिशत | ३.५ |
| परिवारको औषत आकार | ४ जना प्रति परिवार | १० वर्षमाथिका कृषि पेशामा संलग्न जनसंख्या | ८०.४% |

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९

## १.२ स्थानीय तहहरुको संक्षिप्त परिचय

### १.२.१ धनकुटा नगरपालिका

धनकुटा नगरपालिका धनकुटा जिल्लाको सदरमुकाम समेत रहेको स्थानीय तह हो । सरकारले वि.सं. २०३५ सालमा तत्कालीन ३ वटा (चुलीबन, धनकुटा बजार र निगाले) गाउँ पञ्चायतहरू मिलाएर नगर पञ्चायत घोषणा गरेको थियो जसमा ९ वटा वडाहरु रहेका थिए । यस नगरपालिकाको क्षेत्र विस्तारका क्रममा वि.सं. २०७१ सालमा साविकका भीरगाउँ र बेलहारा गा.वि.स.हरुलाई समेटेर १५ वडामा विभाजित गरियो भने वि.सं. २०७३ सालमा १५ वडाहरुलाई १० वटा वडाहरुमा सिमित गरियो । ११०.८ वर्ग किलोमिटर क्षेत्रफल रहेको यस नगरपालिकामा वि.सं. २०७८ को जनगणना अनुसार जम्मा ३५,९८३ जनसंख्या रहेको छ । जसमध्ये पुरुष १७,१९२ (४७.८%) र महिला १८,७९१ (५२.२%) रहेका छन् । यस नगरपालिकाभित्र जम्मा ९,६३७ घरधुरी रहेका छन् । साक्षरता दर ८४.५% रहेकोमा ६०.४% जनताहरु कृषि पेशामा संलग्न रहेका छन् । यस नगरपालिका क्षेत्रमा धनकुटा र हिले गरी मुख्य २ वटा बजार क्षेत्रहरु रहेका छन् । यस नगरपालिकाभित्र रहेका हिले बजार, धनकुटाको चुलीवन, मुलघाट, मधुगंगा तथा धर्मगंगा, चमेरे गुफा, बक्रकुण्ड लगायतका पर्यटकीय क्षेत्रहरु रहेका छन् ।

नि: जिल्ला समन्वय अधिकारी

### १.२.२ पाख्रीवास नगरपालिका

स्थापनाको हिसाबले धनकुटा जिल्लाको दोश्रो नगरपालिका पाख्रीवास नगरपालिका हो । नेपाल सरकारद्वारा वि.सं. २०७१ सालमा साबिकका पाख्रीबास, सान्ने, फलाटे, घोर्लीखर्क र मुगा गा.वि.स.लाई समाबेस गरी पाख्रीबास नगरपालिका घोषणा गरी १५ वटा वडाहरुमा विभाजित गरिएको थियो भने पुन वि.सं. २०७३ सालमा चुङवाङ गा.बि.स. समेतलाई समाबेस गरी जम्मा १० वटा वडाहरुमा विभाजन गरी हालको पाख्रीवास नगरपालिका स्थापना भएको हो । १४४.२९ वर्ग किलोमिटर क्षेत्रफल रहेको यस नगरपालिकामा वि.सं. २०७८ को जनगणना अनुसार जम्मा १९,१०४ जनसंख्या रहेको छ । जसमध्ये पुरुष ९,२०४ (४८.२%) र महिला ९,९०० (५१.८%) रहेका छन् । यस नगरपालिकामा जम्मा ४,०४४ घरधुरी रहेका छन् । साक्षरता दर ७८.८% रहेकोमा ८५.३% जनताहरु कृषि पेशामा संलग्न रहेका छन् । नगरपालिकाको केन्द्र रहेको पाख्रीवास बजार मुख्य बजार क्षेत्र हो । यस नगरपालिकाको पाख्रीवास बजार आसपासका क्षेत्रहरु मुख्य पर्यटकीय क्षेत्रका रुपमा समेत चिनिदै आएका छन् ।

### १.२.३ महालक्ष्मी नगरपालिका

वि.सं. २०७३ सालमा साविकका ६ वटा गा.वि.स. क्रमशः मारेक कटहरे, लेगुवा, डाँडागाउँ, चानुवा, अखौंले जीतपुर र मूर्तिढुङ्गा मिलेर महालक्ष्मी नगरपालिका स्थापना भई ९ वडामा विभाजित रहेको छ । यस नगरपालिकाभित्र रहेका माङ्काया र लक्ष्मी खोलाको नामबाट महालक्ष्मी नामाकरण गरी यस नगरपालिकाको स्थापना गरिएको हो । यस नगरपालिकाको जम्मा क्षेत्रफल १२६.३ वर्ग किलोमिटर रहेकोमा वि.सं. २०७८ को जनगणना अनुसार जम्मा २२,१८२ जनसंख्या रहेको छ । जसमध्ये पुरुष १०,८५९ (४९%) र महिला ११,३२३ (५१%) रहेका छन् । यस नगरपालिकामा जम्मा ५,४१२ घरधुरी रहेका छन् । साक्षरता दर ८०% रहेकोमा ८८% जनताहरु कृषि पेशामा संलग्न रहेका छन् । यस नगरपालिकाको केन्द्र जितपुर बजार हो भने वडा नं. ५ स्थित रामबजार अर्को व्यापारिक बजार क्षेत्र हो । यस नगरपालिकाभित्र रहेको वनझाँक्री पार्क मुख्य पर्यटकीय क्षेत्र समेत रहेको छ ।

### १.२.४ छथर जोरपाटी गाउँपालिका

वि.सं. २०७३ सालमा साविकका ताङ्खुवा, तेलिया, परेवादिन र हात्तीखर्क गा.वि.स.हरु समेटेर छथर जोरपाटी गाउँपालिकाको स्थापना गरिएको हो जसमा ६ वटा वडाहरु रहेका छन् । मुख्यतः ६ वटा थर भएका लिम्बुहरुको बसोबास भएकोले छथर भनिएको भन्ने किंवदन्ती रहेको हुँदा यस गाउँपालिकाको नाम छथर जोरपाटी राखीएको छ । यो गाउँपालिकाको क्षेत्रफल १०२.८३ वर्ग कि.मी. रहेकोमा वि.सं. २०७८ को जनगणना अनुसार जम्मा १६,४५६ जनसंख्या रहेको छ । जसमध्ये पुरुष ७,९४६ (४८.३%) र महिला ८,५१० (५१.७%) रहेका छन् । यस गाउँपालिकामा जम्मा ४,१४८ घरधुरी रहेका छन् । साक्षरता दर ८१% रहेकोमा ८५.४% जनताहरु कृषि पेशामा संलग्न रहेका छन् । यस गाउँपालिकाभित्र जोरपाटी तथा सिंधुवा बजार मुख्य बजार क्षेत्रहरु रहेका छन् । छथर जोरपाटीको पटेक डाँडा मुख्य पर्यटकीय क्षेत्र समेत रहेको छ ।

## १.२.५ सहिदभूमि गाउँपालिका

नेपाल सरकारले वि.सं. २०७३ सालमा साविकका छिन्ताङ, खोकु र आँखिसल्ला गाविसहरुलाई समेटेर खाल्सा छिन्ताङ सहीदभूमि गाउँपालिका नामाकरण गरी यस स्थानीय तहको स्थापना भएको हो । जन निर्वाचित प्रतिनिधिहरुको प्रथम गाउँसभाले यस गाउँपालिकाको नाम संशोधन गर्ने सिफारिस गरे बमोजिम संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको निणर्य अनुसार मिति २०७४/०९/२४ गते नेपाल राजपत्रमा "सहिदभूमि" नामाकरण भई प्रकाशन भए पछि यस स्थानीय तहको नाम सहिदभूमि गाउँपालिका कायम भएको यस गाउँपालिकामा ७ वटा वडाहरु रहेका छन् । पञ्चायत कालमा छिन्ताङ घटनाबाट सहिद भएका व्यक्तिहरुको सम्झना स्वरुप यस गाउँपालिकाको नाम सहिदभूमि रहन गएको हो । ९९.५५ वर्ग कि.मी. क्षेत्रफल रहेको यस गाउँपालिकामा वि.सं. २०७८ को जनगणना अनुसार जम्मा १७,७६७ जनसंख्या रहेको छ । जसमध्ये पुरुष ८,७७७ (४९.४%) र महिला ८,९९० (५०.७%) रहेका छन् । यस गाउँपालिकामा जम्मा ४,०९० घरधुरी रहेका छन् । साक्षरता दर ७८.५% रहेकोमा ९०.४% जनताहरु कृषि पेशामा संलग्न रहेका छन् । यस गाउँपालिकाको केन्द्र खोकुको पिप्लेमा रहेको छ भने प्रसिद्ध छिन्ताङ जालपादेवी मन्दिर यस गाउँपालिकाको मुख्य धार्मिक पर्यटकीय क्षेत्र रहेको छ ।

## १.२.६ साँगुरीगढी गाउँपालिका

साँगुरीगढी गाउँपालिका साविकका बुढीमोरङ, खुवाफोक, फाक्सिव, डाँडाबजार, भेडेटार, महाभारत र आहाले गा.वि.स.हरुलाई समायोजन गरी स्थापना गरिएको हो । यस गाउँपालिकाभित्र कुल १० वटा वडाहरु रहेका छन् । चर्चित साँगुरीगढीको नामबाट यस गाउँपालिकाको नाम साँगुरीगढी राखिएको हो । कुल १६६.४४ बर्ग किलोमिटर क्षेत्रफल रहेको यस गाउँपालिकामा वि.सं. २०७८ को जनगणना अनुसार जम्मा १९,५६१ जनसंख्या रहेको छ । जसमध्ये पुरुष ९,५९१ (४९%) र महिला ९,९७० (५१%) रहेका छन् । यस गाउँपालिकामा जम्मा ५,००५ घरधुरी रहेका छन् । साक्षरता दर ८०.८% रहेकोमा ८७.२% जनताहरु कृषि पेशामा संलग्न रहेका छन् । भेडेटार र डाँडाबजार गाउँपालिकाभित्रका मुख्य बजार क्षेत्रहरु हुन् भने भेडेटार, साँगुरीगढी, नमस्ते झरना, आत्मा घर, पाथिभरा मन्दिर, ध्वजे डाँडा आदि स्थानहरु मुख्य पर्यटकीय क्षेत्र रहेका छन् ।

## १.२.७ चौविसे गाउँपालिका

चौविसे गाउँपालिका साविकका ६ नं. बुधवारे, मुढेवास, कुरुले तेनुपा, बोधे, मौनाबुधु, वसन्तटार र राजारानी गा.वि.स.हरुलाई समायोजन गरी स्थापना गरिएको यस गाउँपालिकामा जम्मा ८ वटा वडाहरु रहेका छन् । चौवसे क्षेत्र भनेर चिनिने यस क्षेत्रलाई स्थानीय तहमा रुपान्तरण गर्दा यस गाउँपालिकाको नाम समेत चौवसे गाउँपालिका राखीएको छ । यसको जम्मा क्षेत्रफल १४७.६ वर्ग कि.मि. रहेकोमा वि.सं. २०७८ को जनगणना अनुसार जम्मा १७,६७७ जनसंख्या रहेको छ । जसमध्ये पुरुष ८,५७८ (४८.५%) र महिला ९,०९९ (५१.५%) रहेका छन् । यस गाउँपालिकामा ४,४८० घरधुरी रहेका छन् । साक्षरता दर ८१.४% रहेकोमा ८६.७% जनताहरु कृषि पेशामा संलग्न रहेका छन् । यस गाउँपालिकाको केन्द्र रहेको राजारानी बजार मुख्य बजार क्षेत्र हो भने यस स्थानीय तहभित्रका राजारानी ताल, ६ नं. बुधवारे लगायतका क्षेत्रहरु मुख्य पर्यटकीय क्षेत्रहरु हुन् ।

नि: जिल्ला समन्वय अधिकारी

## २. स्थानीय तहका महिला तथा बालबालिका शाखाको अनुगमन

### २.१ अनुगमन पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भए पश्चात जिल्लामा महिला तथा बालबालिका कार्यालयहरु पूर्ण रुपमा खारेज भइ सो कार्लालय, कार्यालयका काम कार्यवाही तथा सम्पूर्ण जनशक्ति सवै स्थानीय तहमा समायोजन भइ हाल स्थानीय तहमा महिला तथा बालबालिका शाखा/सामाजिक शाखाको रुमा रही आएका छन् । हालको अवस्थामा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको जिल्लामा कुनै सम्पर्क कार्यालय नरहेको र स्थानीय तहमा एउटा शाखाको रुपमा मात्र रही आएको छ । संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकार रही आएको हाम्रो देशमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सम्पर्क कार्यालयको रुपमा विकास गर्नका लागि श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गरिएको र श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३८१ मिति २०८०/०४/२५ को पत्र तथा मन्त्रालयको मिति २०८०/०४/२५ को निर्णयानुसार जिल्ला समन्वय समितिका शाखा अधिकृतलाई निम्नानुसार कार्य गर्ने गरी श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सम्पर्क व्यक्ति तोकिएको छ ।

### २.२ सम्पर्क व्यक्तिका जिम्मेवारीहरु/कार्यविवरण

- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय स्थानीय तहबीच सम्पर्क विन्दुको रुपमा कार्य गर्ने ।
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट स्थानीय तहमा प्रवाह हुने शसर्त अनुदानका कार्यक्रमहरुको कार्यान्वयनमा सहजीकरण, अनुगमन र प्रतिवेदन गर्ने ।
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एवम् लैङ्गिक तथा यौनिक अल्पसंख्यकसँग सम्बन्धित विषयमा स्थानीय तहबाट हुने गरेका कार्यक्रमहरुमा आवश्यकता अनुसार सहजीकरण गर्ने तथा कानून बमोजिम अनुगमन तथा प्रतिवेदन गर्ने ।
- समाज कल्याण परिषद्बाट स्वीकृत भई स्थानीय तहमा कार्यान्वयनमा रहेका गैरसरकारी संस्थाहरुसँग समन्वय गरी संघ संस्थाहरुबाट सञ्चालित परियोजनाहरुको प्रतिवेदन गर्ने ।
- समाजमा रहेका हानिकारक अभ्यासहरु (बालबिवाह, छाउपडी, बोक्सी, दाइजो आदी) को अन्त्यको लागि भए गरेको अभियानहरुमा सहजीकरण तथा यस सम्बन्धमा भएका कार्यहरुको समीक्षा गरी सुझावहरु प्रदान गर्ने ।
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट समय-समयमा दिइने अन्य कार्यहरु ।

अत: जिल्ला समन्वय समितिमा कार्यरत शाखा अधिकृतलाई श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सम्पर्क व्यक्ति तोकि उपरोक्त जिम्मेवारी प्रदान गरिएको हुँदा श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट मिति २०८२ बैशाख ३१ गतेबाट ज्येष्ठ २ गतेसम्म सुनसरी जिल्लाको धरानमा सम्पर्क व्यक्तिका लागि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरी जिल्लास्थित स्थानीय तहमा अवस्थित महिला तथा बालबालिका शाखाको अनुगमन गरी मन्त्रालयमा प्रतिवेदन पेश गर्ने जिम्मेवारी प्रदान भइ जिल्ला समन्वय समितिबाट यस जिल्लास्थित उपरोक्त शाखाको स्थलगत अनुगमन गरी यो प्रतिवेदन तयार पार्ने काम भएको छ ।

### २.३ अनुगमनको उद्देश्य

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट जिल्ला समन्वय समितिलाई जिल्लास्थित स्थानीय तहका महिला तथा बालबालिका शाखाको अनुगमन गर्ने कार्य जिम्मेवारी प्राप्त भए पश्चात यस जिल्ला समन्वय समितिबाट उपरोक्त शाखाको अनुगमन गरिएको छ । सो अनुगमन गर्नुका उद्देश्यहरु निम्नानुसार रहेका छन् ।



जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय धनकुटा २०७३

- महिला तथा बालबालिका कार्यालयहरु जिल्लास्तरमा खारेज भए पश्चात हालका स्थानीय तहमा रहेका महिला तथा बालबालिका शाखाबाट भइरहेको कार्यसम्पादनको अवस्थाबारे जानकारी लिनु ।
- शाखामा संघ, प्रदेश तथा स्थानीय तहमा प्राप्त बजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्था तथा सो को प्रगतिका सम्बन्धमा जानकारी लिनु ।
- स्थानीय तहमा रहेका महिला तथा बालबालिका शाखाबाट भएका असल अभ्यासको जानकारी लिने ।
- शाखाका समस्या तथा चुनौतिहरु बारे जानकारी लिनु ।
- शाखाबाट भविष्यमा सफलतापूर्वक कार्यसम्पादन गर्नका लागि पालिका/शाखालाई आवश्यक सल्लाह सुझाव प्रदान गर्नु ।

## २.४ अनुगमनका अपेक्षित उपलब्धीहरु

अनुगमन पश्चात स्थानीय तहमा रहेका महिला तथा बालबालिका शाखामा निम्नानुसार सुधार हुने अपेक्षा गरिएको छ ।

- संघ, प्रदेश र स्थानीय तहबाट शाखामा प्राप्त बजेट तथा कार्यक्रमको लक्ष्य अनुरुप प्रगति हासिल हुने ।
- आगामी दिनमा थप उर्जाका साथ कार्यक्रम कार्यान्वयन गरी उचित प्रतिफल प्राप्तिका लागि जनप्रतिनिधि तथा कर्मचारीहरुलाई आवश्यक सल्लाह तथा सुझाव प्रदान गर्नु ।
- आगामी दिनमा लैङ्गिक उत्तरदायी बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गर्न सहज हुनेछ ।
- स्थानीय तहलाई समस्या पहिचान गरी आपसी समन्वयद्वारा समाधान गर्न सहज हुनेछ ।
- जिल्ला समन्वय समिति तथा स्थानीय तहबीच कार्यक्रम कार्यान्वयमा समन्वयात्मक भावनाको विकास हुने ।

## २.५ अनुगमनमा खटिने महानुभावहरु

महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट जिल्ला समन्वय समितिलाई स्थानीय तहका महिला तथा बालबालिका शाखाको अनुगमन गरी प्रतिवेदन पेश गर्ने जिम्मेवारी प्रदान भए पश्चात यस जिल्ला समन्वय समिति धनकुटाबाट अनुगमनका क्रममा जिल्ला समन्वय समितिका प्रमुखज्यू, उपप्रमुखज्यू, सदस्यज्यूहरु, जिल्ला समन्वय अधिकारी तथा अन्य कर्मचारीहरु सहितको टोली जिल्लास्थित सातवटै स्थानीय तहमा गई नगर/गाउँपालिकास्थित महिला तथा बालबालिका शाखाको अनुगमन कार्यमा सहभागी हुनुभएको । शाखाको अनुगमन पश्चात नागर/गाउँपालिकाका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत सम्बन्धित शाखाका कर्मचारीहरु, लेखा/योजना/प्रशासन/पञ्जिकरण/न्यायिक समिति लगायत शाखाको प्रमुख तथा प्रतिनिधिज्यूहरुसँग संयुक्त रुपमा बसी छलफल तथा बैठक समेत गरी अनुगमनबाट देखिएका कमजोर पक्षहरुलाई सुधार गर्नका लागि सुझाव समेत प्रदान गरिएको छ ।

## २.६ स्थानीय तहमा शाखाको व्यवस्था

यस धनकुटा जिल्लामा धनकुटा/पाख्रीवास/महालक्ष्मी गरी ३ वटा नगरपालिका र छथर जोरपाटी/सहिदभूमि/साँगुरीगढी/चौविसे गरी ४ वटा गाउँपालिका गरी जम्मा ७ वटा स्थानीय तह रहेका छन् । उपरोक्त सातवटै स्थानीय तहमा महिला तथा बालबालिका शाखाको व्यवस्था रहेको छ ।

## २.७ स्थानीय तहगत जनशक्तिको अवस्था

जुनसुकै संस्था, कार्यालय तथा शाखालाई आफ्नो कार्यसम्पादन चुस्त, दुरुस्त, छिटो/छरितो रुपमा सम्पादन गर्नका लागि जनशक्ति निकै महत्त्वपूर्ण पाटोको रुपमा रहेको हुन्छ । जनशक्तिको यथोचित उपस्थिति विना सफलतापूर्वक कार्यसम्पादन गर्न गाह्रो हुन्छ । त्यसैले



नि: जिल्ला समन्वय अधिकारी

संस्था, कार्यालय, शाखालाई उचित प्रतिफल दिनका लागि जनशक्ति व्यवस्थापन उचित ढंगले गरिनुपर्दछ । जिल्लास्थित सातवटै स्थानीय तहका महिला तथा बालबालिका शाखामा रहेको जनशक्तिको अवस्था तालिका नं. २ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. २

महिला तथा बालबालिका शाखामा कार्यरत कर्मचारी विवरण

| क्र.सं. | स्थानीय तहको नाम | महिला तथा बालबालिका शाखामा कार्यरत कर्मचारी/जनशक्ति विवरण | | |
|---|---|---|---|---|
| | | संख्या | कार्यरत कर्मचारीको नाम | पद |
| १ | धनकुटा नगरपालिका | ४ | श्री फूलमाया तामाङ | महिला विकास अधिकृत |
| | | | श्री चन्द्रकला पाण्डे | महिला विकास निरीक्षक |
| | | | श्री मनकुमारी लिम्बु | महिला विकास निरीक्षक |
| | | | श्री देव कुमारि वाग्ले | अपाङ्गता सहायता सहजकर्ता |
| २ | पाख्रीवास नगरपालिका | ३ | श्री ओम बहादुर आले मगर | अधिकृतस्तर आठौं |
| | | | श्री कमला पाण्डे | सहायकस्तर पाँचौं |
| | | | श्री शकुन्तला राई | सहायकस्तर पाँचौं |
| ३ | महालक्ष्मी नगरपालिका | ३ | श्री भगवती कार्की | महिला विकास निरीक्षक |
| | | | श्री गीता देवी लुईटेल | महिला विकास निरीक्षक |
| | | | श्री रञ्जु श्रेष्ठ | महिला विकास निरीक्षक |
| ४ | छथर जोरपाटी गाउँपालिका | २ | श्री एलिना निरौला | सहायक महिला विकास निरीक्षक |
| | | | श्री सुष्मा ओझा | अपाङ्गता सहायता सहजकर्ता |
| ५ | सहिदभूमि गाउँपालिका | १ | श्री गीता देवी अधिकारी | अपाङ्गता सहायता सहजकर्ता |
| ६ | साँगुरीगढी गाउँपालिका | १ | श्री सृजना हिङमाङ | महिला विकास निरीक्षक |
| ७ | चौविसे गाउँपालिका | ३ | श्री लेखिका पौडेल | सहायक महिला विकास निरीक्षक |
| | | | श्री गीता राई | सामाजिक परिचालक |
| | | | श्री मौसम लिम्बु | सि.वि.आर.एफ./सहजकर्ता |

स्रोत: स्थानीय तह, महिला तथा बालबालिका शाखा, धनकुटा ।

माथीको तालिकाबाट यस जिल्लाको धनकुटा नगरपालिका, पाख्रीवास नगरपालिका, महालक्ष्मी नगरपालिका र चौविसे गाउँपालिकाका महिला तथा बालबालिका शाखामा पर्याप्त जनशक्ति कार्यरत रहेको देखिन्छ । ती सवै पालिकाका शाखामा ३/३ जना वा सो भन्दा बढी जनशक्ति रहेको देखिन्छ यद्यपी धनकुटा नगरपालिकामा भने ४ जना जनशक्ति रहेको देखिन्छ । जिल्लाको सहिदभूमि गाउँपालिकामा एक अपाङ्गता सहायता सहजकर्ताद्वारा शाखाको कामकाज भइरहेको छ । साँगुरीगढी र छथर जोरपाटी गाउँपालिकाका शाखामा कम संख्यामा कार्यरत कर्मचारी देखिएतापनि सम्बन्धित पद/दरबन्दीको कर्मचारी भने कार्यरत नै रहेको देखिन्छ ।

## २.८ स्थानीय तहमा प्राप्त बजेट

यस जिल्लाका सातवटै स्थानीय तहमा रहेका महिला तथा बालबालिका शाखाबाट कार्यान्वयन हुने गरी संघ तथा प्रदेश सरकार र स्थानीय तहबाट निम्न बमोजिम बजेट प्राप्त भई तोकिएका कार्यक्रमहरु सञ्चालन हुने गरेका छन् ।

दि: जिल्ला समन्वय अधिकारी

तालिका नं. ३

स्थानीय तहमा प्राप्त बजेटको अवस्था

| क्र.सं | स्थानीय तहको नाम | प्राप्त बजेटको अवस्था | | | जम्मा |
|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय तहबाट विनियोजित | |
| १ | धनकुटा नगरपालिका | ३३०००० | ५४४८९० | १०९८००० | ४९४२८९० |
| २ | पाख्रीवास नगरपालिका | ० | ११६०८९० | २२५०००० | ३४१०८९० |
| ३ | महालक्ष्मी नगरपालिका | २००००० | ५६५००० | ३२९७४०२ | ४०६२४०२ |
| ४ | छथर जोरपाटी गाउँपालिका | ७५००० | ७९८००० | २९००००० | ३७७३००० |
| ५ | सहिदभूमि गाउँपालिका | ० | ३५८००० | ४९००००० | ५२५८००० |
| ६ | साँगुरीगढी गाउँपालिका | ० | ३८८००० | २४६५००० | २८५३००० |
| ७ | चौविसे गाउँपालिका | ० | ४०८८९० | ३००५००० | ३४१३८९० |

स्रोत: स्थानीय तह, आर्थिक प्रशासन शाखा, धनकुटा।

माथीको तालिकाबाट यस जिल्लाका स्थानीय तहका महिला तथा बालबालिका शाखामा संघ तथा प्रदेश सरकारबाट प्राप्त बजेट तथा स्थानीय तहबाट विनियोजन भएको बजेट उल्लेख गरिएको छ। संघ सरकारबाट यस जिल्लाका धनकुटा र महालक्ष्मी नगरपालिका तथा छथर जोरपाटी गाउँपालिकामा केही मात्रामा बजेट प्राप्त भएको देखिन्छ। प्रदेश सरकारबाट विशेष गरी अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम तर्फ सवै पालिकामा केही बजेट प्राप्त भएको देखिन्छ भने स्थानीय तहबाट महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गताका क्षेत्रमा बजेट विनियोजन भएको देखिन्छ।

## २.९ शाखाद्वारा कार्यसम्पादनको अवस्था

यस जिल्लाका सातवटै स्थानीय तहमा यस आ.व. २०८१/८२ मा संघ तथा प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त बजेट तथा कार्यक्रमको हालसम्मको कार्यान्वयनको अवस्था पालिकागत रुपमा छुट्टा छुट्टै निम्नानुसार प्रस्तुत गरिएको छ।

### २.९.१ धनकुटा नगरपालिका

यस जिल्लाको सवैभन्दा पुरानो नगरपालिका धनकुटा नगरपालिकास्थित महिला तथा बालबालिका शाखामा संघ, प्रदेश र स्थानीय तह तीनवटै तहका सरकारबाट आवश्यक मात्रामा बजेट तथा कार्याक्रम प्राप्त भइ कार्यान्वयन भएको छ। धनकुटा नगरपालिकास्थित महिला तथा बालबालिका शाखामा आ.व. २०८१/८२ मा प्राप्त बजेट तथा कार्यक्रम तथा सो को कार्यान्वयनको अवस्था तलको तालिका नं. ४ मा प्रस्तुत गरिएको छ।

नि.: जिल्ला समन्वय अधिका

तालिका नं. ४

धनकुटा नगरपालिकाको महिला तथा बालबालिका शाखाको कार्य सम्पादनको अवस्था

| क्र.सं. | कार्यक्रमको नाम | स्वीकृत बजेट | कार्यक्रम सम्पादनको अवस्था | लाभग्राही संख्या |
|---|---|---|---|---|
| १ | अपाङ्गता सहायक सामग्री वितरण- प्रदेश | ९६००० | सामग्री वितरण | ८ |
| २ | अपाङ्गता भएका ब्यक्तिहरुका लागि जिविकोपार्जन कार्यक्रम – प्रदेश | ९५८९०।– | जिविकोपार्जन कार्यक्रम व्यवसाय सञ्चालन | ५ |
| ३ | लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकिकृत सेवा पँहुच परियोजना –संघ | ३३०००००।– | विशेषज्ञ तलव सामग्री खरिद र क्षमता विकास तालिम | १५० |
| ४ | अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम – प्रदेश | ३५३०००।– | सामग्री वितरण, अपाङ्गता सहायता कक्षको तलव औषधी उपचार खर्च र अपाङ्गता रोकथाम तथा पुनस्थापना संस्थालाइं अनुदान | |
| ५ | लैङ्गिकहिंसा निवारणका लागि स्थानिय तहमा संरक्षण कोष संचालन अनुदान – प्रदेश | १०००००।– | लैङ्गिक हिंसामा परेका पिडितलाई सहयोग | |
| ६ | स्थानीय तहको साझेदारीमा हिंसा पिडित महिलाको लागि अल्पकालिन सुरक्षित अवास गृह सञ्चालन सहयोग अनुदान – प्रदेश | २०००००।– | मुलघाट विश्रान्ति मन्दिर | |
| ७ | कृषि पर्यटन प्रवर्द्धनमा महिला अभियान मार्फत महिला नेतृत्व विकास कार्यक्रम – प्रदेश | ३०००००।– | | |

स्रोत: धनकुटा नगरपालिका, महिला तथा बालबालिका शाखा।

माथीको तालिकाबाट धनकुटा नगरपालिकास्थित महिला तथा बालबालिका शाखाबाट आ.व. २०८१/८२ मा सञ्चालित बजेट तथा कार्यक्रमको स्थिति प्रस्तुत गरिएको छ। यस नगरपालिकाबाट सञ्चालित कार्यक्रमहरु मिति २०८२ ज्येष्ठ मसान्तसम्मको अवधिमा सम्पन्न हुने चरणमा नै रहेको देखिन्छ। विशेषत संघ सरकारबाट लैंगिक हिंसा रोकथाम तथा पुन:स्थापनाका लागि एकीकृत पहुँच कार्यक्रम प्राप्त भएको देखिन्छ जुन शीर्षकबाट पालिकाले विशेषज्ञ तलब तथा सामाग्री खरिदमा खर्च गरेको देखिन्छ। त्यस्तै प्रदेश सरकारबाट अपाङ्गता रोकथाम तथा पुन:स्थापनाका लागि बजेट तथा कार्यक्रम प्राप्त भएको साथै लैंगिक हिंसा पिडित महिलाको लागि अल्पकालीन सुरक्षित आवास गृह सञ्चालन सहयोग अनुदान प्राप्त भइ सञ्चालन भएको छ। स्थानीय तहबाट लैंगिकता तथा अपाङ्गताका लागि कार्यक्रमहरु तय भइ कार्यान्वयन भएका छन्। समग्रमा धनकुटा नगरपालिकास्थित महिला तथा बालबालिका शाखाबाट यस आ.व.मा सञ्चालित कार्यक्रमहरु लगभग ९०% को हाराहारीमा सम्पन्न भएका छन्।

### २.९.२ पाख्रीवास नगरपालिका

पाख्रीवास नगरपालिकास्थित महिला तथा बालबालिका शाखामा आ.व. २०८१/८२ मा संघ सरकारबाट कुनै पनि बजेट तथा कार्यक्रम प्राप्त नभएको र प्रदेश सरकार तथा स्थानीय तहबाट मात्र कार्यक्रम प्राप्त भएको छ। विशेषत प्रदेश सरकारबाट अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रम तथा स्थानीय तहबाट महिला तथा बालबालिकाको क्षेत्रमा कार्यक्रमहरु तय भइ कार्यान्वयन भइरहेका छन्। पाख्रीवास नगरपालिकास्थित महिला तथा बालबालिका शाखाको यस आ.व. २०८१/८२ मा कार्यक्रम कार्यान्वयनको अवस्था निम्न तालिका नं. ५ मा प्रस्तुत गरिएको छ।

नि: जिल्ला समन्वय अधिकारी

तालिका नं. ५

पाख्रीवास नगरपालिकाको महिला तथा बालबालिका शाखाको कार्य सम्पादनको अवस्था

| क्र.सं. | कार्यक्रमको नाम | स्वीकृत बजेट | कार्यक्रम सम्पादनको अवस्था | लाभग्राही संख्या |
|---|---|---|---|---|
| १ | अन्तराष्ट्रिय महिला दिवस कार्यक्रम | १००००० | विविध कार्यक्रम संचालन गर्नुका साथै महिला प्रतिनिधिहरुलाई संम्मान कार्यक्रम | २२५ |
| २ | ज्येष्ठ नागरिक सम्बन्धी दिवसीय कार्यक्रम | ५५००० | ७० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकहरुलाई न्यानो कपडा वितरण | २० |
| ३ | बाल बिबाह विरूद्द अभियान | ५०००० | बालविवाह सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम | ६९ |
| ४ | लैंगिक हिंसा विरुद्द १६ दिने अभियान कार्यक्रम | ५०००० | कानुनी सचेतना सम्बन्धी १ दिने अभीमुखीकरण कार्यक्रम | ७३ |
| ५ | अन्तराष्ट्रिय अपाङ्गता दिवस कार्यक्रम | ७०००० | एस.इ.इ. उतिर्ण भई उच्च शिक्षा अध्ययन गर्दै गरेका विद्यार्थीहरुलाई सम्मान कार्यक्रम | ४४ |
| ६ | बालबालिकाहरुका लागि अतिरिक्त क्रियाकलाप | ९०००० | मा.वि. स्तरीय बक्तृत्वकला प्रतियोगिता र नि.मा.वि. स्तरीय चित्रकला प्रतियोगियता | ४१ |
| ७ | विपन्न ,दलित, आदिबासी जनजाति र सिमान्तकृत महिलाहरुका लागि आर्थिक आत्मनिर्भर कार्यक्रम | १८०००० | पशुपालन सम्बन्धी ७ दिने तालिम तालिम | २५ |
| ८ | महिला नेतृत्व विकास तालिम | १००००० | | ३५ |

स्रोत: पाख्रीवास नगरपालिका, महिला तथा बालबालिका शाखा।

माथीको तालिकाबाट पाख्रीवास नगरपालिकास्थित महिला तथा बालबालिका शाखाबाट आ.व.२०८१/८२ मा सम्पादित कार्यक्रमहरुको विवरण प्रस्तुत गरिएको छ। प्रदेश सरकारबाट अपाङ्गता पुनःस्थापना कार्यक्रमतर्फ बजेट प्राप्त भएको छ भने स्थानीय तहबाट महिला,बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गताका क्षेत्रमा बजेट तथा कार्यक्रम तय गरिएको छ। यस नगरपालिकामा विपन्न ,दलित, आदिबासी जनजाति र सिमान्तकृत महिलाहरुका लागि आर्थिक आत्मनिर्भर कार्यक्रम, महिला नेतृत्व विकास तालिम, बालबालिकाहरुका लागि अतिरिक्त क्रियाकलाप, लैंगिक हिंसा विरुद्द १६ दिने अभियान कार्यक्रम, बाल बिबाह विरूद्द अभियान, ज्येष्ठ नागरिक सम्बन्धी लगायतका कार्यक्रमहरु सञ्चालन भएका छन्। पाख्रीवास नगरपालिकास्थित महिला तथा बालबालिका शाखाबाट यस आ.व.का कार्यक्रमहरु ज्येष्ठ मसान्तसम्ममा लगभग शत प्रतिशत प्रगति रहेको उपरोक्त तालिकाबाट प्रष्ट हुन्छ।

### २.९.३ महालक्ष्मी नगरपालिका

महालक्ष्मी नगरपालिकास्थित महिला तथा बालबालिका शाखामा संघ, प्रदेश तथा स्थानीय तहबाट बजेट तथा कार्यक्रमहरु प्राप्त भइ कार्यान्वयन भइरहेको छ। यस आ.व. २०८१/८२ मा नगरपालिकाका कार्यक्रमहरु मिति २०८२ ज्येष्ठ मसान्तसम्ममा कार्यक्रम कार्यन्वयनको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ। नगरपालिकास्थित महिला तथा बालबालिका शाखामा चालिस लाखको हाराहारीमा महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गताका क्षेत्रमा बजेट तथा कार्यक्रम प्राप्त भइ कार्यान्वयन भइरहेको छ।

नि: जिल्ला समन्वय अधिकारी

तालिका नं. ६

महालक्ष्मी नगरपालिकाको महिला तथा बालबालिका शाखाको कार्य सम्पादनको अवस्था

| क्र.सं. | कार्यक्रमको नाम | स्वीकृत बजेट | कार्यक्रम सम्पादनको अवस्था | लाभग्राही संख्या |
|---|---|---|---|---|
| १ | महिला सम्वन्धी कार्यक्रम | १२१५००० | ६२.२५% | २२७ जना |
| २ | बालबालिका सम्वन्धी कार्यक्रम | २३५००० | ५७.०२% | १२१ जना |
| ३ | ज्येष्ठ नागरिक सम्वन्धी कार्यक्रम | १८५००० | ८३.७८% | १३० जना |
| ४ | अपाङ्गता सम्वन्धी कार्यक्रम | २४२७४०२ | ८३.४८ | १६५ जना |
| | | ४०६२४०२/- | | ६४३ जना |

स्रोत: महालक्ष्मी नगरपालिका, महिला तथा बालबालिका शाखा।

माथीको तालिका नं. ६ बाट महालक्ष्मी नगरपालिकामा संघ, प्रदेश तथा स्थानीय तहबाट प्राप्त बजेट, कार्यक्रम र सो को कार्यान्वयनको अवस्था प्रस्तुत गरिएको छ। यस नगरपालिकामा यस आ.व. २०८१/८२ कार्यक्रमहरुमध्ये महिला सम्बन्धी कार्यक्रम ६२%, बालबालिका सम्बन्धी कार्यक्रमहरु ५७%, ज्येष्ठ नागरिक तथा अपाङ्गताको क्षेत्रका कार्यक्रमहरु ८३/८३% को हाराहारीमा कार्यान्वयन भएका छन्। औषतमा नगरपालिकाको महिला तथा बालबालिका शाखाबाट हालसम्म ७०% को हाराहारीमा कार्यसम्पादन भएको छ।

### २.९.४ छथर जोरपाटी गाउँपालिका

छथर जोरपाटी गाउँपालिकास्थित महिला तथा बालबालिका शाखाको यस आ.व. २०८१/८२ को बजेट, कार्यक्रम तथा सो को कार्यान्वयनको अवस्था तलको तालिका नं. ७ मा प्रस्तुत गरिएको छ। यस गाउँपालिकामा संघ, प्रदेश र स्थानीय तह तीनवटै सरकारबाट बजेट तथा कार्यक्रम प्राप्त भइ कार्यान्वयन भइरहेको छ।

तालिका नं. ७

छथर जोरपाटी गाउँपालिकाको महिला तथा बालबालिका शाखाको कार्य सम्पादनको अवस्था

| क्र.सं. | कार्यक्रमको नाम | स्वीकृत बजेट | कार्यक्रम सम्पादनको अवस्था | लाभग्राही संख्या |
|---|---|---|---|---|
| १. | अपाङ्ग मैत्रि संरचना | ३५००००।- | २ वटा शौचालय निर्माण भई सकेको | ९ |
| २. | तिज विशेष कार्यक्रम | २५००००।- | संचालन भई सम्पन्न भईसकेको | २७० |
| ३. | लैंगिक हिंसा विरुद्ध १६ दिने अभियान | १०००००।- | यस गाउँपालिकाको वडा नं.४,५ र १ मा रहेको माध्यामिक विद्यालयमा संचालन गरेको | २०१ |
| ४. | अन्तराष्ट्रिय अपाङ्ग दिवस(विभिन्न दिवसिय कार्यक्रम) | १०००००।- | ३३ औं अपाङ् दिवसको अवसरमा विभिन्न कार्यक्रम संचालन गरि सम्पन्न गरिएको | ७० |
| ५. | विद्यालय स्वास्थ्य शिविर | ८९२५०।- | यस पालिकामा रहेका ३४ वटा विद्यालयमा अध्ययनरत १० वर्ष मुनिका बालबालिकाको स्वास्थ्य परिक्षण गरिएको | १५०७ |
| ६. | अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम | १५०००००।- | निर्धारित अपाङ्गताका क्षेत्रमा राखिएका कार्यक्रम(जस्तै:मिलिजुलि समुह बैठक,ओ.पि.डि. अनुदान,ओ.पि..डि क्षमता विकास आदि) संचालन गरिएको | ३२१ जना अपाङ्गता भएका व्यक्तिहरु प्रत्येक्ष वा प्रत्येक्ष लाभ प्राप्त गरेका |

स्रोत: छथर जोरपाटी गाउँपालिका, महिला तथा बालबालिका शाखा।



नि: जिल्ला समन्वय अधिका

माथीको तालिका नं. ७ अनुसार छथर जोरपाटी गाउँपालिकास्थित महिला तथा बालबालिका शाखाबाट यस आ.व. २०८१/८२ मा प्राप्त बजेट तथा कार्यक्रम र सो को हालसम्म भएको कार्यान्वयनको अवस्था प्रस्तुत गरिएको छ । यस गाउँपालिकामा अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रम विशेपत प्रदेश सरकार तथा स्थानीय तहको संयुक्त कार्यक्रम रहेको छ । उक्त कार्यक्रमबाट ३२१ जना जना अपाङ्गता भएका व्यक्तिहरु लाभान्वित भएका छन् । यस गाउँपालिकामा लैङ्गिकता सम्बन्धी कार्यक्रम, बालबालिका सम्बन्धी कार्यक्रम, विद्यालय स्वास्थ्य शिविर, लगायतका महत्त्वपूर्ण कार्यक्रमहरु कार्यान्वय भएका छन् । गाउँपालिकास्थित महिला तथा बालबालिका शाखाबाट यस आ.व.का कार्यक्रमहरु हालसम्म लगभग शत प्रतिशतकै हाराहारीमा कार्यान्वयन भएका छन् ।

## २.९.५ सहिदभूमि गाउँपालिका

सहिदभूमि गाउँपालिकास्थित महिला तथा बालबालिका शाखाको आ.व. २०८१/८२ को बजेट, कार्यक्रम तथा सो को कार्यान्वयनको अवस्था तलको तलिका नं. ८ मा प्रस्तुत गरिएको छ । यस गाउँपालिकामा प्रदेश तथा स्थानीय तहबाट मात्र बजेट तथा कार्यक्रम प्राप्त भएको छ भने संघ सरकारबाट बजेट प्राप्त भएको छैन । यस गाउँपालिकामा प्रदेश सरकारबाट अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रम तथा स्थानीय तहबाट महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गताका क्षेत्रमा बजेट विनियोजन भइ कार्यान्वयन भइरहेको छ ।

तालिका नं. ८

सहिदभूमि गाउँपालिकास्थित महिला तथा बालबालिका शाखाको कार्य सम्पादनको अवस्था

| क्र.सं. | कार्यक्रमको नाम | स्वीकृत बजेट | कार्यक्रम सम्पादनको अवस्था | लाभग्राही संख्या |
|---|---|---|---|---|
| १ | महिला तर्फ कार्यक्रमको संख्या(१२) | १९०००००/- | ५ वटा सम्पन्न ३ वटा अन्तिम चरणमा र ४ प्रक्रियामा | १६५ |
| २ | बालबालिका तर्फ कार्यक्रमको संख्या (५) | ७०००००/- | २ वटा सम्पन्न ३ प्रक्रियामा | १२० |
| ३ | ज्येष्ठ नागरिक तर्फ कार्यक्रमको संख्या(३) | ५०००००/- | २ वटा सम्पन्न १ वटा प्रक्रियामा | २४८ |
| ४ | अपाङ्गता रोकथाम तथा पुनर्स्थापना तर्फ कार्यक्रमो संख्या (१६) | २६०६४७५/- | १० वटा सम्पन्न ३ वटा अन्तिम चरणमा ३ वटा प्रक्रियामा | १८९ |
| ५ | लक्षित कार्यक्रम (७) | १८०००००/- | | |
| | | | | ७२२ |

स्रोत: सहिदभूमि गाउँपालिका, महिला तथा बालबालिका शाखा ।

माथीको तालिकाबाट यस जिल्लाको सहिदभूमि गाउँपालिकास्थित महिला तथा बालबालिका शाखामा महिला तर्फको १२ वटा कार्यक्रमहरु कार्यान्वयनको अन्तिम चरणमा रहेका छन् । त्यस्तै बालबालिकाका क्षेत्रतर्फका ५ वटा कार्यक्रमहरु मध्ये २ वटा सम्पन्न भइसकेका छन् भने ३ वटा कार्यक्रमहरु कार्यान्वयनको प्रक्रियामा रहेका छन् । त्यस्तै गरी ज्येष्ठ नागरिक तर्फको ३ वटा कार्यक्रमहरुमध्ये लगभग कार्यान्वयनको अन्तिम चरणमा रहेका छन् । अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रमतर्फ १६ वटा कार्यक्रमहरुमध्ये १० वटा कार्यक्रमहरु सम्पन्न भइसकेका छन् । समग्रमा यस सहिदभूमि गाउँपालिकास्थित महिला तथा बालबालिका शाखाबाट हालसम्म लगभग ७५% को हाराहारीमा कार्यक्रमहरु कार्यान्वयन भइसकेका छन् भने बाँकी कार्यक्रमहरु कार्यान्वयनका क्रममा रहेका छन् ।

नि:, जिल्ला समन्वय अधिकारी

## २.९.६ साँगुरीगढी गाउँपालिका

साँगुरीगढी गाउँपालिकास्थित महिला तथा बालबालिका शाखाको आ.व. २०८१/८२ को बजेट तथा कार्यक्रम र सो को कार्यान्वयनको अवस्था तालिका नं. ९ मा प्रस्तुत गरिएको छ । यस गाउँपालिकामा पनि संघ सरकारबाट बजेट प्राप्त भएको छैन भने प्रदेश सरकार र स्थानीय तहबाट मात्र बजेट प्राप्त भइ कार्यान्वयन भइरहेको छ । विशेषत महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गताका क्षेत्रमा यस शाखाबाट भएका महत्त्वपूर्ण कार्यहरु निम्नानुसार छन् ।

तालिका नं. ९

साँगुरीगढी गाउँपालिकाको महिला तथा बालबालिका शाखाको कार्य सम्पादनको अवस्था

| क्र.सं. | कार्यक्रमको नाम | स्वीकृत बजेट | कार्यक्रम सम्पादनको अवस्था | लाभग्राही संख्या |
|---|---|---|---|---|
| १ | ज्येठनागरिक सम्मान कार्यक्रम | ४०००००। | सम्पन्न | ४२ जना ९० बर्षमाथिका ज्येष्ठ नागरिकहरु |
| २ | लैगिक हिंसा बिरुद्धको १६ दिने अभियान तथा महिला दिवस कार्यक्रम | २०००००। | सम्पन्न | १२० जना |
| ३ | महिला जनप्रतिनिधि तथा महिला कर्मचारीहरुका लागि | २०००००। | सम्पन्न | ३० जना |
| ४ | महिलाको लागी आयआर्जन कार्यक्रम | ३७०००००। | सम्पन्न | ४८ जना महिला |
| ५ | बालबिबाह/बहुबिवाह/बलश्रम/लागू पदार्थ दुर्व्यसनी/जन्मदर्ता/खोप तथा विद्यालय भर्ना सम्बन्धि सचेतना कार्यक्रम | २०००००। | सम्पन्न | ७८ जना बालबालिका |
| ६ | अपाङ्गता पिरचय पत्र वितरण कार्यक्रम | १५००००। | सम्पन्न | १८ जना |
| ७ | बालमैत्री स्थानिय शासन कार्यक्रम | ५०००००। | सम्पन्न | १० वटा वडाका बालबालिकाहरु |
| ८ | मिलिजुलि समूहका लागी बचत/ऋण व्यवस्थापन तथा नेतृत्व विकास तालिम | ५६५००। | सम्पन्न | २० जना |
| ९ | सिपमुलक र व्यवसायिक तालिम | १९५०००। | सम्पन्न | २७ जना |
| १० | अन्तराष्ट्रिय अपाङ्गता दिवस | ५००००। | सम्पन्न | ७० जना |
| ११ | मिलिजुलि समूहको बैठक | १८००००। | सम्पन्न | ७५ जना |
| १२ | अपाङ्गता सहायता कक्ष संचालन | २८६०००। | सम्पन्न | । |
| १३ | ROUSG परिचालनग्रामिण अल्ट्रासाउण्ड | ७८०००। | कार्यक्रम संचालन तर बजेटपरिचालन नभएको | १०१ जना महिला |
| १४ | सिविआर सहजकर्ता/ओपिडी प्रतिनिधि/स्वास्थ्य इन्चार्ज र कार्यक्रम सम्पर्क व्यक्तिको त्रैमारिक बैठक | ८०४००। | सम्पन्न | १५ |
| १५ | स्वास्थ्य उपचारमा सहयोग | १९५०००। | सम्पन्न | ७ जना |

स्रोत: साँगुरीगढी गाउँपालिका, महिला तथा बालबालिका शाखा ।

माथीको तालिकाबाट यस जिल्लाको साँगुरीगढी गाउँपालिकास्थित महिला तथा बालबालिका शाखामा आ.व.२०८१/८२ मा विभिन्न १५ वटा मुख्य कार्यक्रमहरुमा बजेट प्राप्त भइ कार्यान्वयन भइरहेको छ । गाउँपालिकाबाट अधिकांश कार्यक्रमहरु सम्पन्न भइसकेका छन् । विशेषत अपाङ्गता रोकथाम तथा पुन:स्थापनासँग सम्बन्धित कार्यक्रमहरु, लैगिक हिंसा बिरुद्धका कार्यक्रम, बालबिबाह/बहुबिवाह/बालश्रम/लागूपदार्थ दुर्व्यसनी/जन्मदर्ता/खोप तथा विद्यालय भर्ना सम्बन्धि सचेतना कार्यक्रम, मिलिजुलि समूहका लागी बचत/ऋण व्यवस्थापन तथा नेतृत्व विकास तालिम कार्यक्रम, बालमैत्री स्थानिय शासन कार्यक्रम, ROUSG परिचालन, ग्रामिण अल्ट्रासाउण्ड, सि.वि.आर. सहजकर्ता/ओपिडी प्रतिनिधि/स्वास्थ्य इन्चार्ज कार्यक्रम, सम्पर्क व्यक्तिको त्रैमासिक



नि: जिल्ला समन्वय अधिकारी

बैठक, सिपमुलक र व्यवसायिक तालिम, अपाङ्गता सहायता कक्ष संचालन, ज्येष्ठ नागरिक सम्मान कार्यक्रम लगायतका महत्त्वपूर्ण कार्यक्रमहरु कार्यान्वयन भएका छन् । समग्रमा यस गाउँपालिकास्थित महिला तथा बालबालिका शाखाबाट ९०% भन्दा बढी कार्यक्रमहरु सम्पन्न भइसकेका छन् ।

### २.९.७ चौविसे गाउँपालिका

चौविसे गाउँपालिकास्थित महिला तथा बालबालिका शाखाबाट आ.व.२०८१/८२ को बजेट तथा कार्यक्रम र सो को कार्यान्वयनको अवस्था तालिका नं. १० मा प्रस्तुत गरिएको छ । यस गाउँपालिकामा संघीय सरकारबाट बजेट प्राप्त भएको छैन तथापी प्रदेश सरकार र स्थानीय तहबाट शाखामा बजेट प्राप्त भएको छ । विशेष गरी कोशी प्रदेश सरकारबाट अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रमतर्फ विशेष रुपमा बजेट तथा कार्यक्रम प्राप्त भइ कार्यान्वयन भएको छ । स्थानीय तहबाट महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गताका क्षेत्रमा बजेट विनियोजन भइ कार्यक्रम कार्यान्वयन भइरहेका छन् ।

तालिका नं. १०

चौविसे गाउँपालिका: महिला तथा बालबालिका शाखाको कार्य सम्पादनको अवस्था

| क्र.सं. | कार्यक्रमको नाम | स्वीकृत बजेट | कार्यक्रम सम्पादनको अवस्था | लाभग्राही संख्या |
|---|---|---|---|---|
| १ | लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान | १,००,००० | सम्पन्न भएको | ३९५ जना |
| २ | तिज कार्यक्रम, बालदिवस र नारीदिवस | ३,००,००० | सम्पन्न भएको | ६८४ जना |
| ३ | जेष्ठनागरिक र अपाङ्गता भएका व्यक्तिहरुलाई थर्मस वितरण | ४०,००० | सम्पन्न भएको | ३२ जना |
| अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम तर्फ | | | | |
| १ | सिपमुलक तथा व्यवसायिक तालिम | ९०,००० | सम्पन्न भएको | ७ |
| २ | अपाङ्गता भएका व्यक्तिहरुलाई स्वास्थ्य विमा | ३,११,५०० | सम्पन्न भएको | ८९ |
| ३ | स्वास्थ्य उपचारमा सहयोग | ८००० | सम्पन्न भएको | २ |
| ४ | सहायक सामाग्री वितरण | १,२०,००० | सम्पन्न भएको | ३३ |
| ५ | अपाङ्गता भएका व्यक्तिहरुको लागि व्यवसाय प्रवर्धन अनुदान | ९०,००० | सम्पन्न भएको | ३ |
| ६ | अपाङ्गता दिवस | २०,००० | सम्पन्न भएको | ४८ |
| ७ | अपाङ्गता भएका व्यक्तिहरुको संस्था सुदृढिकरण तथा अपाङ्गता सशक्तिकरण | १,००,००० | सम्पन्न भएको | ९५ |
| ८ | स्वास्थ्य संस्थामा गर्भवती महिलाहरुको दर्ता तथा अध्यावधिक | २२,००० | सम्पन्न भएको | ११५ |
| ९ | जम्मजात अपाङ्गता पहिचानका लागि नवजात शिशुको जाँच तथा रेकर्ड | २६,३७५ | सम्पन्न भएको | १११ |
| १० | मिलिजुली बैठक | १,४४,००० | सम्पन्न भएको | ७४६ |
| ११ | सिविआर सहजकर्ता, ओपिडि प्रतिनिधि, कार्यक्रम सम्पर्क व्यक्ति र स्वास्थ्य इन्चार्जहरुको चौमासिक वैठक | ७३,५०० | सम्पन्न भएको | ७२ |

स्रोत: चौविसे गाउँपालिका, महिला तथा बालबालिका शाखा ।

माथीको तालिकाबाट चौविसे गाउँपालिकास्थित महिला तथा बालबालिका शाखामा प्राप्त बजेट तथा कार्यक्रम र सो को कार्यान्वयनको अवस्था प्रस्तुत गरिएको छ । उपरोक्त तालिका अनुसार यस गाउँपालिकामा लगभग शत प्रतिशतको हाराहारीमा कार्यक्रमहरु कार्यान्वयन भइसकेका छन् । गाउँपालिकाबाट महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गताका क्षेत्रमा कार्यक्रमहरु तय गरी कार्यान्वयन गरिएका छन् । गाउँपालिकाबाट विशेषगरी लैंगिक हिंसा विरुद्धका कार्यक्रम, बालबालिकासँग सम्बन्धित बालदिवस कार्यक्रम र जेष्ठनागरिकहरुका लागि विशेष कार्यक्रम सञ्चालन भएको देखिन्छ । त्यस्तै गरी अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम तर्फ सिपमुलक तथा व्यवसायिक तालिम, स्वास्थ्य विमा, उपचारमा सहयोग, सहायक सामाग्री वितरण,

व्यवसाय प्रवर्धन अनुदान, अपाङ्गता सशक्तिकरण, जन्मजात अपाङ्गता पहिचानका लागि नवजात शिशुको जाँच तथा रेकर्ड, मिलिजुली बैठक, सि.वि.आर.सहजकर्ता/ओ.पि.डि.प्रतिनिधि/कार्यक्रम सम्पर्क व्यक्ति/स्वास्थ्य इन्चार्जहरुको चौमासिक वैठक लगायतका कार्यक्रमहरु सञ्चालित छन्।

### २.१० महिला तथा बालबालिका शाखाबाट भएका असल अभ्यासहरु

स्थानीय तहमा रहेका महिला तथा बालबालिका शाखाबाट महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र यौनिक तथा लैङ्गिक अल्पसंख्यकको क्षेत्रमा गरेका असल अभ्यासहरु स्थानीय तहगत रुपमा क्रमश प्रस्तुत गरिएको छ।

#### २.१०.१ धनकुटा नगरपालिका

धनकुटा नगरपालिका जिल्लाकै सवैभन्दा पुरानो नगरपालिका हो। धनकुटा नगरपालिकास्थित महिला तथा बालबालिका शाखाबाट महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यकका क्षेत्रमा गरेका असल अभ्यासहरु निम्नानुसार रहेका छन्।

- लैङ्गिक हिंसा सम्बन्धी सचेतना कार्यक्रम।
- पुरुष सञ्जाल गठन कार्यविधि र क्षमता अभिवृद्धि कार्यक्रम।
- ज्येष्ठ नागरिक दिवा सेवा सञ्चालन र परिचय पत्र वितरण।
- अपाङ्गता भएका ब्यक्तिहरुलाई सहायक सामग्री वितरण र उपचार खर्चको व्यवस्था।
- अपाङ्गताको लागि जिविकोपार्जन सम्बन्धी अनुदान।

#### २.१०.२ पाख्रीवास नगरपालिका

पाख्रीवास नगरपालिकास्थित महिला तथा बालबालिका शाखाले महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यकका क्षेत्रमा नगरपालिकाले गरेका असल अभ्यासहरु निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गरिएको छ।

- दलित र जनजाति महिलाहरुलाई सीपमुलक तथा व्यावसायिक तालिम: पशुपालन तालिम सञ्चालन।
- एस.इ.इ. पास गरेका अपाङ्गता भएका व्यक्तिहरुलाई आर्थिक सहयोग सहित सम्मान पत्र वितरण।
- महिलाहरुका लागि नि:शुल्क क्यान्सर रोगको परीक्षण।
- ज्येष्ठ नागरिकहरुलाई दन्त उपहार कार्यक्रम सञ्चालन।
- ज्येष्ठ नागरिकहरुको आँखा परीक्षण गरी मोति बिन्दुको शल्यक्रिया।

#### २.१०.३ महालक्ष्मी नगरपालिका

महालक्ष्मी नगरपालिकास्थित महिला तथा बालबालिका शाखाबाट महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यकका क्षेत्रमा गरेका असल अभ्यासहरु निम्न बमोजिम प्रस्तुत गरिएको छ।

- महिला जिविको जागरण कार्यक्रमः नगरपालिकाबाट बार्षिक रुपमा विउ पुँजी वितरण, बचत लगानी भइरहेको, २९५० जना महिला लाभग्राही रहेका।
- हिंसा पिडित महिलाहरुलाई आर्थिक सहयोग कार्यक्रम सञ्चालन।



जि: जिल्ला समन्वय अधिकारी

- महिला उद्यमशिलता सहजीकरण केन्द्र संचालनमा रहेको ।
- आमा बच्चा पोषण कार्यक्रमः गर्भमा रहेको शिशुको उचित स्याहार र पोषणको लागी नियमित स्वास्थ्य परिक्षण गर्ने गर्भवती महिलाहरुलाई बार्षिक रु ५०००।- का दरले पोषण सहयोग वितरण ।
- अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमः घरमै गएर अपाङ्गता परिचय पत्र वितरण, अपाङ्गता भएका व्यक्तिहरलाई घरमै फिजियोथेरापी सेवा तथा उपचारमा सहयोग, गर्भको शिशु अपाङ्गता रहित रहोस भनि घुम्ति सिविरको रुपमा ग्रामिण अल्ट्रासाउण्ड सेवा, जन्मिने वित्तिकै जन्म दोश परिक्षण गरी जन्मदोष पहिचान तथा उपचारमा सहयोग, आवश्यकताका आधारमा सहायक सामग्री वितरण लगायत ।
- ज्येष्ठ नागरिक सम्मान तथा न्यानो कपडा वितरण, लौरी, हटव्याग वितरण ।
- समावेशी बाल क्लव गठन तथा परिचालनका साथै बाल प्रतिभा पहिचान कार्यक्रम आदी ।

### २.१०.४ छथर जोरपाटी गाउँपालिका

छथर जोरपाटी गाउँपालिकास्थित महिला तथा बालबालिका शाखाबाट महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यकका क्षेत्रमा भएका असल अभ्यासहरु निम्नानुसार रहेका छन् ।

- स्थानीय तहमा रहेका ६ वटै वडाबाट महिला, बालबालिकाको क्षेत्रमा कार्यक्रम तथा बजेट विनियोजन गर्न शुरुआत ।
- अपाङ्गता भएका व्यक्तिका लागि अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम निरन्तर रुपमा सञ्चालन ।
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको पालिकास्तरको संस्था निर्माण भई सञ्चालनमा रहेकाले सो क्षेत्रमा कार्य गर्न सहज ।

### २.१०.५ सहिदभूमि गाउँपालिका

सहिदभूमि गाउँपालिकास्थित महिला तथा बालबालिका शाखाबाट महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यकका क्षेत्रमा भएका असल अभ्यासहरु निम्नानुसार रहेका छन् ।

- ज्येष्ठ नागरिकहरुलाई न्यानो कपडा वितरण तथा ज्येष्ठ नागरिक दिवस ।
- बालबालिकाहरुका लागि कार्पेट वितरण तथा विभिन्न अतिरिक्त कार्यक्रम संचालन ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई स्वास्थ्य परिक्षण तथा अपाङ्गता परिचय पत्र वितरण ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई सहयोगी सामाग्री वितरण तथ सिप मुलक तालिम क्षमता विकास तालिम कार्यक्रम ।
- महिलाहरुको लागि सिप विकास तालिम तथा प्रविधि हस्तान्तरण, बिउँपुजी अनुदान जस्ता कार्यक्रम संचालन ।

### २.१०.६ साँगुरीगढी गाउँपालिका

साँगुरीगढी गाउँपालिकास्थित महिला तथा बालबालिका शाखाबाट महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यकका क्षेत्रमा भएका असल अभ्यासहरु निम्नानुसार रहेका छन् ।

- अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुको घरमै अध्यक्ष/उपाध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत/डाक्टर सहितको टोलिले अपाङ्गता परिचय पत्र वितरण गर्ने गरेको ।



नि: जिल्ला समन्वय अधिकारी

- घरमै गएर अपाङ्गता भएका व्यक्तिहरु तथा ज्येष्ठ नागरिकहरुको स्वास्थ्य परिक्षण गर्ने गरेको ।
- अपाङ्गता भएका व्यक्तिहरुको घरमै अध्यक्ष/उपाध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत द्धारा सहायक सामाग्री वितरण गर्ने गरेको ।
- ग्रामिण अल्ट्रासाउण्ड सेवा ।
- गर्भवति तथा नवदम्पतिलाइ शुमकामना कार्ड वितरण ।
- अपाङ्गता भएका व्यक्तिहरुको सहजताको लागी सहायता कक्ष संचालन भएको ।
- अपाङ्गता भएका व्यक्तिहरुलाइ स्वास्थ्य उपचारमा सहयोग गर्ने गरेको ।
- मिलिजुलि समुहका लागी विभिन्न तालिमहरु संचालन
- जन्मजात अपाङ्गता पहिचानका लागी नवजात शिशुको जाँच लगायत ।

**२.१०.७ चौविसे गाउँपालिका**

चौविसे गाउँपालिकास्थित महिला तथा बालबालिका शाखाबाट महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यकका क्षेत्रमा भएका असल अभ्यासहरु निम्नानुसार रहेका छन् ।

- अपाङ्गता भएका व्यक्तिहरु मध्ये ग र घ वर्गका ८९ जनाको स्वास्थ्य विमा गरिएको ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई घरमै गएर अध्यक्ष/उपाध्यक्ष/प्रमुख प्रशासकीय अधिकृतद्धारा ३३ जना अपाङ्गता भएका व्यक्तिहरुलाई विभिन्न किसिमको सहायक सामग्री वितरण गरिएको ।
- १६ जना अपाङ्गता र १६ जना जेष्ठनागरिकहरुलाई थर्मस वितरण गरिएको ।
- ७ जना अपाङ्गता भएका व्यक्तिहरुलाई सरफ, हार्पिक र फिनेल बनाउँने तालिम दिएको ।
- २०० जना सुत्केरी महिलाहरुलाई आमालाई खाना र शिशुलाई नानाको वितरण गरिएको ।
- अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुको घरमै अपाङ्गता परिचय पत्र वितरण गर्ने गरेको ।
- घरमै गएर अपाङ्गता भएका व्यक्तिहरु तथा ज्येष्ठ नागरिकहरुको स्वास्थ्य परिक्षण गर्ने गरेको ।
- ग्रामिण अल्ट्रासाउण्ड सेवा
- गर्भवति तथा नवदम्पतिलाइ शुमकामना कार्ड वितरण ।
- अपाङ्गता भएका व्यक्तिहरुलाइ स्वास्थ्य उपचारमा सहयोग गर्ने गरेको ।
- जन्मजात अपाङ्गता पहिचानका लागी नवजात शिशुको जाँच ।
- जेष्ठनागरिकहरुको लागि टोल स्तरीय स्वास्थ्य परिक्षण शिविर संचालन गरिएको ।
- जेष्ठनागरिक परिचयपत्र वितरण गरेको ।

नि: जिल्ला समन्वय अधिकारी

## २.११ शाखाले सामना गर्नुपरेका समस्या एवम् चुनौतीहरु

स्थानीय तहमा रहेका महिला तथा बालबालिका शाखाबाट पनि कार्यसम्पादनका क्रममा विभिन्न समस्या तथा चुनौतीहरुको सामाना गर्नुपर्ने अवस्था रहेको छ । जुनसुकै संघ संस्था, कार्यालय, शाखाले कार्यसम्पादनका क्रममा रहेका चुनौतीहरुको सामना गरेर उक्त चुनौतीहरुलाई अवसरमा बदल्दै कार्यसम्पादन गरेमा सफलता हासिल गर्न सकिन्छ । यस जिल्लास्थित स्थानीय तहका महिला तथा बालबालिका शाखामा रहेका आन्तरिक र बाह्य चुनौतीहरु निम्नानुसार रहेका छन् ।

### २.११.१ आन्तरिक चुनौति

आन्तरिक चुनौती विशेष गरी आफुले कार्य सम्पादन गर्ने संस्था तथा कार्यालय भित्रका चुनौतीहरु हुन् । आन्तरिक चुनौतीको सामना गरी शाखाले आपसी सहकार्य, सहमती, संस्थागत एकता कायम गरी कार्य सम्पन्न गर्नुपर्ने हुन्छ । शाखाभित्र विशेष गरी बजेट तथा कार्यक्रममा, कार्यक्रम कार्यान्वयनमा, जनशक्ति, क्षमता विकास लगायतका विषयहरुमा आन्तरिक चुनौतीहरु आइपर्ने हुँदा यस्ता चुनौतीहरुको सामना गर्दै अगाडी बढी कार्यसम्पादन गरेमा सफलतामा पुग्न सकिन्छ । यस जिल्लास्थित स्थानीय तहमा रहेका महिला तथा बालबालिका शाखाका आन्तरिक चुनौतीहरु निम्नानुसार रहेका छन् ।

- बजेटको अभाव ।
- शाखागत समन्वयको कमी ।
- सामाजिक विकास भन्दा पुर्वाधार विकासले वढी प्राथमिकता पाउनु ।
- जनशक्तिको अभाव (सहिदभूमि गाउँपालिका) ।
- कतिपय पालिकाका भौतिक पूर्वाधार अपाङ्गता / बालबालिका/ज्येष्ठ नागरिक तथा महिला मैत्री नहुनु ।

### २.११.२ बाह्य चुनौति

कार्यसम्पादनका क्रममा शाखाले आन्तरिक चुनौतीका अलावा बाह्य चुनौतीहरुको पनि सामना गर्नुपर्ने हुन्छ । विशेषत संस्था तथा कार्यालयले कार्य सम्पादनका क्रममा संस्था तथा कार्यालय बाहिरबाट सिर्जित हुने चुनौतीहरु बाह्य चुनौती हुन् । विशेष गरी भुगोल, कार्यक्रम कार्यान्वयन गर्दा अन्य संस्था तथा कार्यालयको समेत भरपर्नु पर्ने अवस्था शाखाका बाह्य समस्या चुनौती हुन र शाखाले कार्यक्रम कार्यान्वयन गर्दा ती चुनौतीको समेत सामना गर्दै कार्यान्वयन गरेमा कार्यक्रमबाट सफलता प्राप्त गर्न सकिन्छ । यस जिल्लास्थित स्थानीय तहका महिला तथा बालबालिका शाखाका बाह्य चुनौतीहरु निम्नानुसार रहेका छन् ।

- भौगोलिक कठिनाई (भौगोलिक बिकटताको कारण अपाङ्गता भएका व्यक्तिहरु कार्यालयमा आउन नसक्ने भएकोले घरमै गएर सेवा दिनु पर्ने।)
- महिला तथा बालबालिकाको क्षेत्र संघ र प्रदेश सरकारको न्युन प्राथमिकतामा पर्नु (जेष्ठ नागरिक, महिला, अपाङ्गता भएका व्यक्ति र बालबालिकसँग सम्बन्धित कार्यक्रमहरु संघ र प्रदेश सरकारबाट कम प्राथमिकतामा परेका करण उचित बजेट तथा कार्यक्रमको व्यवस्थापन नहुनु ।)
- महिला, बालबालिका, जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुको पालिकास्तरीय संघ संस्थाहरुसंग उचित क्षमता नभएको कारणले गुणस्तरीय रुपमा कार्य संचालन हुन नसकेका ।
- दक्ष जनशक्ति तथा उपकरणको अभाव (गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका व्यक्तिहरुको स्वास्थ्य परिक्षण गर्नको लागि प्राविधिक जनशक्ति तथा उपकरण अन्यत्रबाट ल्याउनुपर्ने बाध्यता रहेको ।) ।



नि: जिल्ला समन्वय अधिकारी

## २.१२ शाखाको अन्य संघ संस्थाहरुसँगको समन्वयको अवस्था

स्थानीय तहमा रहेका महिला तथा बालबालिका शाखाबाट कार्यक्रम कार्यान्वयनका क्रममा अन्य संघ संस्थाहरुसँगको सम्बन्ध समेत अति राम्रोसँग विकसित गर्नुपर्ने हुन्छ । विशेषत संघ संस्थाहरुले समेत महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गताका क्षेत्रमा कार्यक्रम सञ्चालन गरिरहेका हुने हुनाले ती संस्थाहरुसँगको सहकार्यमा पालिकाले कार्यक्रम सञ्चालन गर्दा उपलब्धी हासिल गर्न सहज हुन्छ । महिला तथा बालबालिकाका क्षेत्रका कार्यक्रमलाई दोहोरोपन हुन नदिन तथा गुणस्तरीय रुपमा कार्यक्रम कार्यान्वयन गर्नका लागि पनि संघ संस्थासँग राम्रो समन्वय हुन जरुरी छ । यस जिल्लाका स्थानीय तहमा रहेका महिला तथा बालबालिका शाखाबाट के कति संस्थाहरुसँग महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गताका क्षेत्रका कार्यक्रमहरुमा समन्य गरेको छ भन्ने तथ्याङ्क तलको तालिका नं ११ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ११

महिला तथा बालबालिका शाखाबाट संघ/संस्थाहरुसँगको समन्वयको अवस्था

| क्रसं | स्थानीय तहको नाम | महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गताका क्षेत्रमा कार्यरत संघ/संस्थाको संख्यात्मक विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | महिला | बालबालिका | ज्येष्ठ नागरिक | अपाङ्गता | |
| १ | धनकुटा नगरपालिका | २ | १ | १ | २ | |
| २ | पाख्रीवास नगरपालिका | ० | ० | ० | १ | |
| ३ | महालक्ष्मी नगरपालिका | २ | ० | १ | ० | |
| ४ | छथर जोरपाटी गाउँपालिका | ० | ० | ० | ० | |
| ५ | सहिदभूमि गाउँपालिका | १५ | ७ | ८ | १ | |
| ६ | साँगुरीगढी गाउँपालिका | ० | ० | ० | १ | |
| ७ | चौविसे गाउँपालिका | ० | ० | ० | ० | |

स्रोत: स्थानीय तह, महिला तथा बालबालिका शाखा, धनकुटा ।

माथीको तालिका नं. ११ अनुसार यस धनकुटा जिल्लाका स्थानीय तहस्थित महिला तथा बालबालिका शाखाले महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गताका क्षेत्रका कार्यक्रमहरु सञ्चालन गर्दा संघ संस्थाहरुसँग गरेको समन्वयको अवस्था चित्रित गरिएको छ । जसमा धनकुटा नगरपालिकास्थित शाखाबाट सबै क्षेत्रका कार्यक्रमहरुमा संघ संस्थाहरुसँग समन्वय भइरहेको छ भने सहिदभूमि गाउँपालिकाले पनि सवै क्षेत्रका कार्यक्रमहरु सञ्चालन गर्दा संघ संस्थाहरुसँग समन्वय गरिरहेको देखिन्छ । साथै अन्य स्थानीय तहमा पनि आंशिक मात्रामा संघ संस्थाहरुसँग समन्वय हुने गरेको देखिन्छ ।

## २.१३ तथ्याङ्किय सूचकहरु

यस जिल्लाको सातवटै स्थानीय तहका महिला तथा बालबालिका शाखाको जिल्ला समन्वय समितिको कार्यालयबाट अनुगमन गर्दा मन्त्रालयबाट अनुगमनका लागि दिएको फर्म्याट अनुसार महिला, बालबालिका तथा किशोर किशोरी, न्यायिक समिति, ज्येष्ठ नागरिक तथा अपाङ्गताका क्षेत्रका सूचकहरुको आधारमा स्थानीय तहको अवस्था निम्न तालिका नं. १२, १२क., १२ख. र १२ग. मा प्रस्तुत गरिएको छ । अनुगमन सम्बन्धी सूचकहरु निम्नानुसार अवधिमा स्थानीय तहका महिला तथा बालबालिका शाखबाट सञ्चालित कार्यक्रममा आधारित रहेका छन् ।

- आर्थिक वर्ष: २०८१/०८२
- धनकुटा जिल्लाका सातवटै स्थानीय तहहरुको अवस्था
- मिति २०८१/०४/०१ देखि अनुगमनको मिति २०८२ ज्येष्ठ मसान्तसम्मका तथ्याङ्कीय विवरणहरु समावेश गरिएको छ ।



नि: जिल्ला समन्वय अधिकारी

तालिका नं. १२

महिला सम्बन्धी तथ्याङ्कीय प्रगति विवरण

| सूचकहरु | स्थानीय तहगत विवरण | | | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | धनकुटा न.पा. | पाख्रीवास न.पा. | महालक्ष्मी न.पा. | छथर जोरपाटी गा.पा. | सहिदभूमि गा.पा. | साँगुरीगढी गा.पा. | चौविसे गा.पा. | | |
| महिलाको जनसंख्या | १८७९१ | ९९०० | ११३२३ | ८५१० | ८९९० | ९९७० | ९०९९ | ७६५८३ | CBS,२०७८ |
| सामाजिक सुरक्षा भत्ता पाउने एकल महिलाको संख्या | ७२५ | ५३६ | ४६१ | १५८ | २३४ | २५५ | ४२० | २७८९ | |
| लैङ्गिक उत्तरदायी वजेट (%) | | - | ०.१८ | - | २.०६ | | ०.५३ | सवैमा बजेट कोडिङ नभएको | |
| स्थानीय तहमा महिलाको प्रतिनिधित्व (प्रतिशतमा) | ३८.८८ | ४२.५९ | ४२ | ३८.२३ | ४१ | ४२.३१ | ४०.९ | ४१.८३ % औषत | |
| लैङ्गिक हिंसाका घटना | ४१ | १ | २ | ० | ० | ० | ० | ४४ | |
| हवाई उद्धार गरिएको गर्भवती महिलाको संख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| लैंगिक हिंसा पिडित/ प्रभावितको लागि संचालित सेवा केन्द्र संख्या | १ | ० | ० | ० | ० | ० | ० | १ | |
| लैंगिक हिंसा पिडित/ प्रभावितको लागि संचालित सेवा केन्द्रमा आश्रय लिनेको संख्या | ६५० | ० | ० | ० | ० | ० | ० | ६५० | महिला पुन:स्थापना केन्द्रमा |
| स्थानीय तहमा मानव वेचविखन विरुद्धको स्थानीय समिति गठन भए/नभएको | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| मानब बेचबिखनका पिडित/ प्रभावित हरुको लागि संचालित पुनर्स्थापना केन्द्रको संख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| मानब बेचबिखनका पिडित/ प्रभावित हरुको लागि संचालित पुनर्स्थापनाकेन्द्रमा आश्रय लिनेको संख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| यौनिक तथा लैंगिक अल्पसंख्यकहरुको संख्या (बिबरण) | ० | ० | ० | ० | ० | ० | ० | ० | |

स्रोत: स्थानीय तह, महिला तथा बालबालिका शाखा, धनकुटा।

**उपरोक्त महिला सम्बन्धी सूचकहरुबाट:-**

- मानव बेचविखनसँग सम्बन्धित घटना यस जिल्लामा घटेको नदेखिएको साथै यौनिक तथा लैङ्गिक अल्पसंख्यकसँग सम्बन्धित विवरणहरु पालिकाको अभिलेखमा नदेखिएको ।

नि: जिल्ला समन्वय अधिक

तालिका नं. १२ क.

बालबालिका तथा किशोर किशोरी सम्बन्धी तथ्याङ्कीय प्रगति विवरण

| सूचकहरु | स्थानीय तहगत विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | धनकुटा न.पा. | पाख्रीवास न.पा. | महालक्ष्मी न.पा. | छथर जोरपाटी गा.पा. | सहिदभूमि गा.पा. | साँगुरीगढी गा.पा. | चौविसे गा.पा. | जम्मा | कैफियत |
| **२. बालबालिका तथा किशोर किशोरी** | | | | | | | | | |
| बालबालिकाको जनसंख्या (१८ वर्ष सम्म) | १०८९४ | ५७४५ | ६८५६ | ५०१२ | ५८०१ | ५४०१ | ५४६२ | ४५१७१ | जनगणना, २०७८ |
| सामाजिक सुरक्षा भत्ता पाउने वालवालिकाको संख्या | १६० | १५२ | १९८ | ८२ | ८२ | ७३ | ६० | ८०७ | |
| बालविकास केन्द्रको संख्या | ४८ | ४० | ५९ | ३० | ३८ | ५० | ४५ | ३१० | शि.वि.स.ई., धनकुटf |
| बालगृहहरुको संख्या | १ | ० | ० | ० | ० | ० | ० | १ | |
| बालगृहमा पुर्नस्थापना भएका बालबालिकाको जम्मा संख्या | १३ | ० | ० | ० | ० | ० | ० | १३ | |
| बालगृहमा आश्रय लिने वालिकाको संख्या | ६ | ० | ० | ० | ० | ० | ० | ६ | |
| बालगृहमा आश्रय लिने वालकको संख्या | ७ | ० | ० | ० | ० | ० | ० | ७ | |
| सडक बालबालिकाको संख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| बालबालिकाको क्षेत्रमा विनियोजित रकम (प्रतिशतमा) | ०.९८ | ०.२३ | २३५००० | ५.१७ | १.४६ | १.७१ | २०.९६ | | |
| स्थानीय तहमा बालकल्याण अधिकारीको व्यवस्था | १ | १ | १ | १ | ० | १ | १ | | |
| स्थानीय तहमा बालउद्धार कोषको व्यवस्थाको अवस्था | ० | ० | ० | ५०,००० | छ | ० | ० | | |

स्रोत: स्थानीय तह, महिला तथा बालबालिका शाखा, धनकुटा।

<u>उपरोक्त बालबालिका तथा किशोर किशोरी सम्बन्धी सूचकहरुबाट:-</u>

- जिल्लामा सडक बालबालिकाको संख्या दर्ता नभएको साथै केही पालिकामा मात्र बालउद्धार कोषको व्यवस्था रहेको।

नि: जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय धनकुटा २०७३

तालिका नं. १२ ख.

न्यायिक समितिमा परेका उजुरीहरुको विवरण सम्बन्धी तथ्याङ्कीय प्रगति विवरण

| सूचकहरु | स्थानीय तहगत विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | धनकुटा न.पा. | पाख्रीवास न.पा. | महालक्ष्मी न.पा. | छथर जोरपाटी गा.पा. | सहिदभूमि गा.पा. | साँगुरीगढी गा.पा. | चौविसे गा.पा. | जम्मा | कैफियत |
| **३. न्यायिक समितिमा परेका उजुरीहरुको विवरण** | | | | | | | | | |
| न्यायिक समितिमा परेका जम्मा उजुरीहरुको संख्या | ९३ | २६ | ३७ | १० | २ | २ | ११ | १८१ | |
| फर्छयौट गरेको संख्या | ७१ | २० | २१ | ६ | २ | ० | ९ | १२९ | |
| अदालतमा पठाएको मुद्दाको संख्या | ४ | ३ | ६ | ० | ० | ० | १ | १४ | |
| बालबिबाह | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| जवरजस्ती करणी | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| जवरजस्ती करणीको उद्योग | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| घरेलु हिंसा | ० | १ | २ | ० | ० | ० | | ३ | |
| मानब बेचबिखन | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| सम्बन्ध विच्छेद | ४५ | ३२ | २७ | २८ | ४४ | ० | २७ | २०३ | पञ्जिकरण शाखाबाट प्राप्त विवरण |
| बहुविवाह | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| बोक्सीको आरोप | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| वैवाहिक जवरजस्ती करणी | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| गर्भपतन | ० | ० | ० | ० | ० | ० | ५६४ | ० | स्वास्थ्य शाखाबाट प्राप्त |
| दाइजो | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| कुटपीट/लुटपिट | ० | १ | ० | ० | ० | ० | २ | ३ | |
| अपहेलना | ३ | ० | ० | ० | ० | ० | ० | ३ | |
| यातना | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| अन्य (खुलाउने)स्थानीय निकायको अनुगमनको अवस्था( सेवा केन्द्र तथा बाल सुधार गृहको ) | | | | | | | | | |

स्रोत: स्थानीय तह, महिला तथा बालबालिका शाखा, धनकुटा।

**उपरोक्त न्यायिक समितिमा परेका उजुरीहरुको विवरण सम्बन्धी सूचकहरुबाट:-**

- जिल्लास्थित पालिकाका न्यायिक समितिमा बालबिवाह, जवरजस्ती करण, जवरजस्ती करणी उद्योग, घरेलु हिंसा, मानव बेचबिखन, बहुबिवाह, बोक्सीको आरोप, बैवाहिक जवरजस्ती करणी, गर्भपतन, दाइजो जस्ता विषयक उजुरी नपरेका।

नि: जिल्ला समन्वय अधिकारी

तालिका नं. १२ ग.

ज्येष्ठ नागरिक तथा अपाङ्गता सम्बन्धी तथ्याङ्कीय प्रगति विवरण

| सूचकहरु | स्थानीय तहगत विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | धनकुटा न.पा. | पाख्रीवास न.पा. | महालक्ष्मी न.पा. | छथर जोरपाटी गा.पा. | सहिदभूमि गा.पा. | साँगुरीगढी गा.पा. | चौविसे गा.पा. | जम्मा | कैफियत |
| **४. ज्येष्ठ नागरिक** | | | | | | | | | |
| ज्येष्ठ नागरिकको संख्या | ४०३० | २६६० | २९७४ | १९४३ | २४७१ | २६९३ | २३१४ | १९०८५ | २०७८ |
| सामाजिक सुरक्षा भत्ता पाउने महिला ज्येष्ठ नागरिकको संख्या | १४२३ | ९५० | ११०४ | ६०७ | १०४८ | ८५६ | ७६० | ६७४८ | |
| सामाजिक सुरक्षा भत्ता पाउने पुरुष ज्येष्ठ नागरिकको संख्या | १००६ | ८०८ | ९७७ | ५४५ | ७९८ | ७३८ | ६६६ | ५५३८ | |
| ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र | ८ | ० | ० | ० | १ | ० | १ | १० | |
| निर्माण भएको बृद्धाश्रम संख्या | १ | ० | १ | ० | ० | ० | ० | १ | |
| बृद्धाश्रममा आश्रित ज्येष्ठ नागरिकको संख्या | ३८ | ० | ० | ० | ० | ० | ० | ३८ | |
| सय बर्ष भन्दा माथिका ज्येष्ठ नागरिकहरुको संख्या | ८ | ८ | ३ | ४ | ५ | ३ | ० | ३१ | |
| बिपन्न /असहाय ज्येष्ठ नागरिकहरुको संख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| सडकबाट उद्दार गरिएका ज्येष्ठ नागरिकको संख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| जेष्ठ नागरिकको क्षेत्रमा विनियोजित रकम (प्रतिशतमा) | ५००००० | ०.९ | १८५००० | ६.२ | ०.१ | १.६१ | ०.१४ | | |
| **५. अपाङ्गताको सम्बन्धमा** | | | | | | | | | |
| सीपमूलक तालिम प्राप्त अपाङ्गता भएका ब्यक्ति | ० | ० | १३ | ० | ११ | २७ | ७ | ५८ | |
| पूर्ण अशक्त अपाङ्गता (क) श्रेणीका सुरक्षा भत्ता पाउने ब्यक्ति | ८९ | ६९ | ८९ | ४६ | ८१ | ६२ | ६६ | ५०२ | |
| अति असक्त अपाङ्गता (ख) श्रेणीका सुरक्षा भत्ता पाउने ब्यक्ति | २२३ | १८६ | २४७ | १२७ | २२६ | २५८ | १८१ | ११९० | |
| अपाङ्गता पुनस्थार्पना केन्द्र संख्या | ० | ० | ० | ० | ० | ० | ० | | |
| अपाङ्गता पुनस्थार्पना केन्द्रमा पुनर्स्थापित संख्या | ० | ० | १ | ० | ० | ० | ० | १ | |
| सडकबाट उद्दार गरिएका अपाङ्गता भएका ब्यक्ति | ० | ० | ० | ० | ० | १ | ० | १ बालिका (मायाघर इटहरी पठाइएको) | |
| अपांगता क्षेत्रमा विनियोजित रकम (प्रतिशतमा) | ५४४८९० | ०.३१ | २४२७४०२ | ६४.४८ | ०.५४ | २.८२ | ०.३ | | |
| रातो कार्ड पाउनेको संख्या(क श्रेणीको) | ८५ | ९५ | १२३ | ४६ | ९० | ७१ | ९३ | ६०३ | |
| निलो कार्ड पाउनेको संख्या (ख श्रेणीको) | २३४ | २०६ | २८९ | १२७ | २६५ | ३०० | २३१ | १६५२ | |
| पहेलो कार्ड पाउनेको संख्या (ग श्रेणीको) | ७६ | ९८ | १२६ | ७१ | ९२ | ११७ | १६२ | ७४२ | |
| सेतो कार्ड पाउनेको संख्या (घ श्रेणीको) | ६२ | ५२ | ८४ | ७९ | ९७ | १३२ | १०८ | ६१४ | |

स्रोत: स्थानीय तह, महिला तथा बालबालिका शाखा, धनकुटा।

## उपरोक्त न्यायिक समितिमा परेका उजुरीहरुको विवरण सम्बन्धी सूचकहरुबाट:-

- विपन्न असहाय ज्येष्ठ नागरिक तथा सडकबाट उद्धार गरिएका ज्येष्ठ नागरिकको संख्या पालिकाको अभिलेखमा नरहेको।
- पालिकाभित्र अपाङ्गता पुन:स्थापना केन्द्र तथा पुन:स्थापना केन्द्रमा पुन:स्थापित अपाङ्गको संख्या तथा सडकबाट उद्धार गरिएका अपाङ्गताको कुनै अभिलेख नभएको।



नि: जिल्ला समन्वय अधिकारी

## ३. प्रतिवेदन निष्कर्ष तथा सल्लाह सुझाव

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०८०/०४/२५ निर्णयबाट जिल्ला समन्वय समितिका शाखा अधिकृतलाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको फोकल पर्सन (सम्पर्क व्यक्ति) तोकी जिल्ला समन्वय समितिलाई जिल्लास्थित स्थानीय तहमा रहेका महिला तथा बालबालिका शाखाको अनुगमन गर्ने जिम्मेवारी तोकिए बमोजिम यस जिल्लामा जिल्ला समन्वय समितिका प्रमुखज्यू, उपप्रमुखज्यू, सदस्यज्यूहरु तथा जिल्ला समन्वय अधिकारीज्यूबाट सो को जिम्मेवारी बहन गरी जिल्ला समन्वय समितिका पदाधिकारी तथा कर्मचारीहरुद्वारा मिति २०८२ ज्येष्ठ मसान्तभित्रमा यस जिल्लाका सातवटै स्थानीय तहको अनुगमन गर्ने कार्य सम्पन्न गरिएको छ ।

### ३.१ निष्कर्षः

स्थानीय तहको पूर्वाधार विकास पहिलो रोजाई रहेको र सामाजिक विकास पूर्वाधार विकासपछि मात्रै प्राथमिकतामा पर्ने देखिएको वर्तमान परिप्रेक्ष्यमा स्थानीय तहबाट अन्य पूर्वाधारको तुलनामा महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गताका क्षेत्रमा बजेट विनियोजन कम प्राथमिकतामा पर्ने गरेको देखिएको छ । हामीले भविष्यमा दीगो विकासको लक्ष्य हासिल गर्नका लागि सामाजिक विकासमा जोड दिनुपर्ने हुन्छ । विकासको जग भनेको नै शिक्षा, स्वास्थ्य, महिला, बालबालिका लगायत सामाजिक क्षेत्र भएको हुँदा दीगो विकासको लक्ष्य हासिल गर्न समेत सवै स्थानीय तहहरु त्यसतर्फ आजै देखि लाग्नुपर्ने देखिन्छ । यस जिल्लास्थित स्थानीय तहका महिला तथा बालबालिका शाखाको अनुगमन पश्चात निम्न निष्कर्षमा पुग्न सकिन्छ ।

- समग्रमा शाखाको कार्य प्रगति सन्तोषजनक नै रहेको । शाखाको कार्यसम्पादन प्रभावकारी, सेवामूलक तथा जनमुखी नै रहेको ।
- संघीय सरकारबाट यस जिल्लाका ३ वटा (धनकुटा/महालक्ष्मी नगरपालिका र छथर जोरपाटी गाउँपालिका) स्थानीय तहमा मात्र केही रकम विनियोजन भइ आएको, प्रदेश सरकारबाट सवै पालिकामा बजेट प्राप्त भएतापनि सो बजेट अत्यन्त न्यून रहेको र स्थानीय तहबाट समेत शाखालाई न्यून मात्रामा बजेट विनियोजन गरिएको छ ।
- सवै स्थानीय तहमा शाखामा काम गर्ने पर्याप्त जनशक्ति नरहेको । जस्तै जिल्लाको सहिदभूमि गाउँपालिकामा एक जना अपाङ्गता सहजकर्ता मात्र रहेको ।
- शाखाबाट अन्य विषयगत शाखाहरुसँग प्रभावकारी समन्वय रहेको ।
- यस जिल्लास्थित स्थानीय तहका महिला तथा बालबालिका शाखाबाट मिति २०८२ ज्येष्ठ मसान्तसम्ममा लगभग ९०% का हाराहारीमा यस आ.व. २०८१/८२ मा सञ्चालित कार्यक्रमहरु सम्पन्न भइसकेका छन् ।
- महिला विकास तथा सशक्तिकरणका लागि सीपमूलक तालिम सञ्चालन, महिला उद्यमशीलता विकास कार्यक्रम, घरेलु हिंसा न्यूनिकरणका लागि सचेतनामूलक कार्यक्रम, महिला नेतृत्व विकास तालिम, महिला जनप्रतिनिधि तथा महिला कर्मचारीहरुका लागि क्षमता विकास कार्यक्रम, गर्भवती पोषण कार्यक्रम, आमा बच्चा पोषण कार्यक्रम, विपन्न/दलित/आदिबासी जनजाति र सिमान्तकृत महिलाहरुका लागि आर्थिक आत्मनिर्भर कार्यक्रम, लैङ्गिक हिंसा विरुद्ध कानुनी सचेतना कार्यक्रम, महिला जिविको जागरण कार्यक्रम, हिंसा पिडित महिलाहरुलाई आर्थिक सहयोग कार्यक्रम, गर्भवती महिलाका लागि ग्रामिण अल्ट्रासाउण्ड सेवा, गर्भवति तथा नवदम्पतिलाइ शुमकामना कार्ड वितरण लगायतका कार्यक्रमहरु महिलाका क्षेत्रमा सञ्चालित रहेका छन् ।

नि: जिल्ला समन्वय अधिकारी

- स्थानिय तहको साझेदारीमा हिंसा पिडित महिलाको लागि अल्पकालिन सुरक्षित अवास गृह सञ्चालन सहयोग अनुदान (धनकुटा नगरपालिकामा)।
- बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम, बालबालिकाहरुका लागि सचेतनामूलक कार्यक्रम, शिशुहरुका लागि पौष्ठिक आहार कार्यक्रम, दिवा खाजा कार्यक्रम, बालबिबाह/बहुबिवाह/बलश्रम/लागू पदार्थ दुर्व्यसनी सचेतना कार्यक्रम साथै जन्मदर्ता/खोप तथा विद्यालय भर्ना सम्बन्धि अभिमुखीकरण लगायतका कार्यक्रमहरु बालबालिकाको क्षेत्रमा रहेका।
- धनकुटा नगरपालिकालाई वि.सं.२०८७ मा बालश्रममुक्त तथा बालमैत्री स्थानीय तह घोषणा गर्ने लक्ष्यका साथ कार्य अगाडी बढाइएको छ।
- वडास्तरमै महिला, बालबालिकाको क्षेत्रमा कार्यक्रम तथा बजेट विनियोजन गर्न शुरुआत भएको छ।
- शाखाबाट ज्येष्ठ नागरिकहरुका लागि सम्मान कार्यक्रम, ज्येष्ठ नागरिकहरुको सहजताका लागि उपकरण वितरण, ज्येष्ठ नागरिकहरुका लागि दिवा सेवा/दिवा खाजा, भजन कीर्तन लगायतका कार्यक्रम सञ्चालनका साथै पालिकाबाट जेष्ठनागरिकहरुका लागि नि:शुल्क रुपमा स्वास्थ्य परीक्षण तथा उपचार लगायतका कार्यक्रम सञ्चालित छन्।
- शाखाबाट अपाङ्गता भएका व्यक्तिहरुका लागि अपाङ्गमैत्री कार्यक्रम सञ्चालन, स्वास्थ्य वीमा गरी स्वास्थ्य सेवामा पहुँचको सुनिष्चितता, नि:शुल्क रुपमा सहायक सामग्री तथा उपकरण वितरण, उपचारका लागि आर्थिक सहयोग, सवै वडाहरुमा मिलाजुली समुह गठन गरी आय आर्जनका कार्यक्रममा आवद्धता, घरघरमै घुम्ति स्वास्थ्य शिविर सञ्चालन, उच्च शिक्षा अध्ययनका लागि आर्थिक सहयोग, व्यवसाय र जीविकोपार्जनका लागि तालिम तथा अनुदान, जम्मजात अपाङ्गता पहिचानका लागि नवजात शिशुको जाँच तथा रेकर्ड, पालिकामा अपाङ्गता सहायता कक्ष संचालन भएको छ।
- पुरुष सञ्जाल गठन कार्यविधी र क्षमता अभिवृद्धि कार्यक्रम (धनकुटा नगरपालिकामा)
- प्रायजसो स्थानीय तहमा लैङ्गिक उत्तरदायी बजेट कोडिङ नभएको।
- सातवटै स्थानीय तहका सामाजिक सुरक्षा भत्ता पाउने एकल महिलाको संख्या २७८९ रहेको छ।
- सातवटै स्थानीय तहबाट जिल्लामा औषत रुपमा ४१.८३ प्रतिशत महिलाको प्रतिनिधित्त्व (निर्वाचित जनप्रतिनिधी) रहेको छ।
- धनकुटा नगरपालिकामा ४१ गरी जिल्लाभरि कुल ४४ वटा लैङ्गिक हिंसाका घटना रहेका छन्।
- जिल्लाका सातवटै स्थानीय तहमा कुल ८०७ जना बालबालिकाहरु सामाजिक सुरक्षा भत्ता पाउने रहेका छन्।
- यस जिल्लामा सरकारी स्तरमा जम्मा ३१० वटा बालबिकास केन्द्र रहेका छन्।
- जिल्लाको धनकुटा नगरपालिकामा एउटा बालगृह रहेको छ जसमा १३ जना बालबालिकाहरु आश्रित रहेका छन्।
- जिल्लाका सवै स्थानीय तहमा बालकल्याण अधिकारीको व्यवस्था गरिएको छ।
- धैरैजसो स्थानीय तहमा बालउद्धार कोषको व्यवस्था रहेको छैन।
- जिल्लाका सातवटै स्थानीय तहका न्यायिक समितिमा जम्मा १८१ वटा उजुरीहरु परेका छन् जसमा सवैभन्दा बढी धनकुटा नगरपालिकामा ९३ वटा रहेका छन्। परेका उजुरीहरुमध्ये १२९ वटा फछर्यौट भएका छन् भने १४ वटा उजुरीहरु अदालतमा पठाइएका छन्।



नि:जिल्ला समन्वय अधिका

- सवै स्थानीय तहमा बालविवाह, जवरजस्ती करणी, जवरजस्ती करणी उद्योग, घरेलु हिंसा,, मानव बेचविखन, बहुबिवाह, बोक्सीको आरोप, बैवाहिक जवरजस्ती करणी, गर्भपतन, दाइजो, कुटपिट/लुटपिट, यातना आदी आरोपमा कुनै पनि उजुरी परेका छैनन्।
- जिल्लाका सवै स्थानीय तहमा कुल २०३ वटा सम्बन्ध विच्छेदका घटना दर्ता भएका छन्।
- यस जिल्लाका सवै स्थानीय तहबाट सामाजिक सुरक्षा भत्ता पाउने पुरुष ज्येष्ठ नागरिकको संख्या ५५३८ जना र महिला ज्येष्ठ नागरिकको संख्या ६७४८ जना रहेका छन्।
- धनकुटा नगरपालिकामा ८ सहित जिल्लाभरी जम्मा १० वटा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र रहेका छन्।
- धनकुटा नगरपालिकाको मूलघाटमा एउटा बृद्धाश्रम रहेको छ जसमा ३८ जना वृद्धवृद्धाहरु आश्रित रहेका छन्।
- जिल्लाभरी १०० वर्षभन्दा माथीका ज्येष्ठ नागरिकहरु ३१ जना रहेका छन्।
- सीपमूलक तालिम प्राप्त अपाङ्गता भएका व्यक्तिहरुको संख्या ५८ जना रहेका छन्।
- पूर्ण अशक्त अपाङ्गता (क) श्रेणीका सुरक्षा भत्ता पाउनेको संख्या ५०२ जना र अति अशक्त अपाङ्गता (ख) श्रेणीका सुरक्षा भत्ता पाउनेको व्यक्तिको संख्या ११९० जना रहेका छन्।
- जिल्लास्थित सवै स्थानीय तहमा रातो कार्ड पाउने (क श्रेणीको) ६०३ जना, निलो कार्ड पाउने (ख श्रेणीको) १६५२ जना, पहेँलो कार्ड पाउने (ग श्रेणीको) ७४२ जना र सेतो कार्ड पाउने (घ श्रेणीको) ६१४ जना रहेका छन्।

### ३.२ सल्लाह/सुझाव

स्थानीय तहस्थित महिला तथा बालबालिका शाखाबाट क्रियाशिल, जनमुखी तथा प्रभावकारी रुपमा कार्यसम्पादन गर्नका लागि यस जिल्लास्थित स्थानीय तहका महिला तथा बालबालिका शाखाको अनुगमन पश्चात सम्बन्धित स्थानीय तह तथा संघ तथा प्रदेश सरकारले निम्नानुसार कार्यमा जोड दिनु उपर्युक्त हुन्छ।

#### ३.२.१ स्थानीय तहका लागि सल्लाह/सुझावहरु

- शाखागत समन्वय राम्रै भएको देखिएतापनि शाखागत समन्वयलाई अझ प्रभावकारी रुपमा विस्तार गरी महिला तथा बालबालिका शाखाको कार्यसम्पादन प्रभावकारी बनाउनुपर्ने।
- सवै स्थानीय तहले लैङ्गिक उत्तरदायी बजेट विनियोजन गरी बजेटको कोडिङ्ग गर्ने व्यवस्था मिलाउनुपर्ने।
- स्थानीय तहले बजेट विनियोजन गर्दा सामाजिक विकास (शिक्षा, स्वास्थ्य, महिला, बालबालिका लगायत) लाई प्राथमिकता दिई समानुपातिक ढंगले बजेट विनियोजन गर्ने व्यवस्था मिलाउनुपर्ने।
- शाखामा सम्बन्धित कर्मचारीको दरबन्दी रिक्त रहेको स्थानीय तहले अविलम्ब पदपूर्ति प्रक्रिया अगाडी बढाउन प्रदेश लोक सेवा आयोगमा कर्मचारीको माग फाराम भरी पठाउनुपर्ने।
- शाखाको कार्य सम्पादन अझ प्रभावकारी, सेवामूलक तथा जनमुखी बनाउन जोड दिनुपर्ने।
- पालिकाका भौतिक संरचना निर्माण गर्दा बालमैत्री तथा अपाङ्गमैत्री बनाउन जोड दिनुपर्ने।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गताका क्षेत्रका कार्यक्रमहरु सम्बन्धित पक्षको सर्वोपरि हित हुने गरी सर्वपक्षीय सक्रिय सहभागितामा पालिका तथा शाखाबाट कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुपर्ने ।



नि: जिल्ला समन्वय अधिकारी

- शाखाले कार्यक्रम कार्यान्वयन गर्दा महिला सशक्तिकरण, बालबालिकाहरुका लागि शिक्षा, स्वास्थ्य लगायत बालबालिकाका नैसर्गिक हक अधिकारको संरक्षणका कार्यक्रममा जोड दिनुपर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरुका लागि अवसर तथा रोजगारमूलक कार्यक्रमबाट आत्मनिर्भर बनाउने कार्यक्रम तय गरी लागू गर्नुपर्ने ।
- ज्येष्ठ नागरिकहरुका लागि सम्मान तथा नि:शुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्नुपर्ने ।

### ३.२.२ संघ तथा प्रदेश सरकारका लागि सल्लाह/सुझावहरु

- संघ तथा प्रदेश सरकारबाट महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गताका क्षेत्रमा पर्याप्त मात्रामा बजेट विनियोजन गरी सम्बन्धित स्थानीय तहको महिला तथा बालबालिका शाखमा पठाउने व्यवस्था मिलाउनुपर्ने ।
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट यस आ.व. २०८१/८२ मा यस जिल्लाका ३ वटा स्थानीय तहमा केही मात्रामा मात्र बजेट प्राप्त भएको हुँदा आगामी दिनमा यस जिल्लाका सबै नगरपालिका/गाउँपालिकामा बजेट तथा कार्यक्रम पठाउने व्यवस्था मिलाउनुपर्ने ।
- कोशी प्रदेश सरकारबाट यस आ.व. २०८१/८२ मा यस जिल्लास्थित स्थानीय तहका महिला तथा बालबालिका शाखामा अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रमतर्फ मात्र बजेट विनियोजन भइ आएको हुँदा आगामी दिनमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकका क्षेत्रमा समेत कार्यान्वयन हुने गरी बजेट तथा कार्यक्रम पठाउने व्यवस्था मिलाउनुपर्ने ।
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका लागि जिल्ला समन्वय समितिका शाखा अधिकृतलाई फोकल तोकिएको अवस्थामा मन्त्रालयले सम्भव भएसम्म फोकल पर्सन र स्थानीय तहका कर्मचारी तथा जनप्रतिनिधिलाई संयुक्त रुपमा कार्यक्रम कार्यान्वयनका सम्बन्धमा अभिमुखीकरण गर्ने व्यवस्था मिलाउनुपर्ने र उक्त कार्यक्रमका लागि जिल्ला समन्वय समितिमा बजेटको व्यवस्था गरिदिनुपर्ने ।
- स्थानीय तहस्थित महिला तथा बालबालिका शाखामा कार्यरत कर्मचारीहरुको क्षमता विकासका लागि समय समयमा संघ तथा प्रदेश सरकारले तालिमको व्यवस्था मिलाउनुपर्ने ।
- संघ तथा प्रदेश सरकारबाट प्राप्त कार्यक्रमको कार्यान्वयनका सम्बन्धमा संघ तथा प्रदेश सरकारबाट अभिमुखीकरण गर्ने व्यवस्था मिलाउनुपर्ने ।

नि: जिल्ला समन्वय अधिकारी

## ३.३ अनुगमनका क्रममा लिइएका केही तस्वीरहरु

१. धनकुटा नगरपालिका



२. पाख्रीवास नगरपालिका



३. महालक्ष्मी नगरपालिका



४. छथर जोरपाटी गाउँपालिका



५. सहिदभूमि गाउँपालिका



६. साँगुरीगढी गाउँपालिका




७. चौविसे गाउँपालिका







नि: जिल्ला समन्वय अधिका

# जिल्ला समन्वय समिति धनकुटाद्वारा यस जिल्लाको धनकुटा नगरपालिकास्थित महिला तथा बालबालिका शाखाको अनुगमन फाराम, २०८२

(क) जिल्लाको नामः धनकुटा

(ख) स्थानीय तहको नामःधनकुटा नगरपालिका

(ग) शाखामा कार्यरत कर्मचारीको नाम र पदः

- श्री फूलमाया तामाङ, महिला विकास अधिकृत
- श्री चन्द्रकला पाण्डे, महिला विकास निरीक्षक
- श्री मन कुमारी लिम्बु, महिला विकास निरीक्षक
- श्री देव कुमारी वाग्ले, अपाङ्गता सहायता सहजकर्ता

(घ) शाखामा कार्यरत कर्मचारीको सङ्ख्याः ४ जना

(ङ) शाखाका लागि संघ, प्रदेश तथा स्थानीय तहबाट प्राप्त बजेटः ४१,४४,८९०।-

शाखाद्वारा संपादित कार्यहरुको विवरणः

प्रतिवेदनअवधिमा सम्पादित कार्यक्रम सम्पादनको अवस्था

| क्र.सं. | कार्यक्रमको नाम | स्वीकृत बजेट | कार्यक्रम सम्पादनको अवस्था | लाभग्राही संख्या |
|---|---|---|---|---|
| १ | अपाङ्गता सहायक सामग्री वितरण- प्रदेश | ९६००० | सामग्री वितरण | ८ |
| २ | अपाङ्गता भएका ब्यक्तिहरुका लागि जिविकोपार्जन कार्यक्रम – प्रदेश | ९५८९०।– | जिविकोपार्जन कार्यक्रम व्यवसाय सञ्चालन | ५ |
| ३ | लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकिकृत सेवा पँहुच परियोजना –संघ | ३३०००००।– | विशेषज्ञ तलव सामग्री खरिद र क्षमता विकास तालिम | १५० |
| ४ | अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम – प्रदेश | ३५३०००।– | सामग्री वितरण, अपाङ्गता सहायता कक्षको तलव औषधी उपचार खर्च र अपाङ्गता रोकथाम तथा पुनस्थापना संस्थालाइं अनुदान | |
| ५ | लैङ्गिकहिंसा निवारणका लागि स्थानिय तहमा संरक्षण कोष संचालन अनुदान – प्रदेश | १०००००।– | लैङ्गिक हिंसामा परेका पिडितलाई सहयोग | |
| ६ | स्थानीय तहको साझेदारीमा हिंसा पिडित महिलाको लागि अल्पकालिन सुरक्षित अवास गृह सञ्चालन सहयोग अनुदान – प्रदेश | २०००००।– | मुलघाट विश्रान्ति मन्दिर | |
| ७ | कृषि पर्यटन प्रवर्द्धनमा महिला अभियान मार्फत महिला नेतृत्व विकास कार्यक्रम – प्रदेश | ३०००००।– | | |

- कुल लाभग्राहीको संख्याः लगभग ५०० जना
- शाखाको कुल स्वीकृत बार्षिक वजेटः ४१,४४,८९०।-

अन्य विवरणः

**शाखा वा स्थानीय तहले महिला, बालबालिका, ज्येठ नागरिक, अपाङ्गता भएका व्यक्ति र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको क्षेत्रमा गरेका असल अभ्यासहरुः**

- लैङ्गिक सिंसा सम्बन्धी सचेतना कार्यक्रम
- पुरुष सञ्जाल गठन कार्यविधि र क्षमता अभिवृद्धि कार्यक्रम
- ज्येष्ठ नागरिक दिवा सेवा सञ्चालन र परिचय पत्र
- अपाङ्गता भएका ब्यक्तिहरुलाई सहायक सामग्री वितरण र उपचार खर्चको व्यवस्था
- अपाङ्गताको लागि जिविकोपार्जन सम्बन्धी अनुदान

कार्य संपादनका क्रममा शाखाले सामना गर्नुपरेको समस्या एवम् चुनौति :

(क) आन्तरिक चुनौतिः वजेटको अभाव

(ख) बाह्य चुनौतिः नभएको।

(ग) शाखाको अन्य संघसंस्थाहरुसँगको समन्वयको अवस्थाः राम्रो रहेको ।

(घ) महिला तथा बालबालिकका शाखा वा सामाजिक शाखालाई अझ प्रभावकारी वनाउन कार्यरत कर्मचारी र प्रशासकीय अधिकृतबाट प्राप्त सुझावहरू

- शाखालाई प्रभावकारी बनाउन संघीय सरकार, प्रदेश सरकारबाट आवश्यक मात्रामा बजेट तथा कार्यक्रम उपलब्ध गराउनुपर्ने।
- स्थानीय तहबाट समेत महिला तथा बालबालिकाको क्षेत्रका बजेट तथा कार्यक्रमलाई प्रथमिकता दिनुपर्ने।
- तीनवटै सरकारबाट शाखामा कार्यरत कर्मचारीहरुलाई समय समयमा क्षमता विकास तालिम दिनुपर्ने।

(ङ) महिला तथा बालबालिकका तथा ज्येष्ठ नागरिक क्षेत्रमा कार्यरत स्थानीय गैर सरकारी संस्थाहरुको संख्या कुल संख्याः

- महिलाको क्षेत्रमा कार्यरत संस्थाको संख्याः २
- बालबालिकाको क्षेत्रमा कार्यरत संस्थाको संख्याः१
- अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा कार्यरत संस्थाको संख्याः २
- ज्येष्ठ नागरिकको क्षेत्रमा कार्यरत संस्थाको संख्याः१

अनुगमनका क्रममा देखिएका नविनतम कुराहरुको टिपोटः

- शाखागत समन्वय राम्रै देखिएतापनि त्यतिले मात्र नपुग्ने हुँदा शाखागत समन्वय अझ प्रभावकारी रुपमा बढाउनुपर्ने।
- शाखामा महिला, बालबालिका लगायत लक्षित वर्गका लागि बजेट न्यून रहेको साथै पालिकाबाट उक्त विषयको बोध समेत गराएको हुँदा नगरपालिकाको राजस्व क्षमता तथा प्राप्त अनुदानको आधारमा सवै आर्थिक भौतिक सामाजिक लगायतका क्षेत्रमा समानुपातिक रुपमा बजेटको व्यवस्था गर्नुपर्ने सुझाव समेत प्रदान गरिएको।
- लैङ्गिक उत्तरदायी बजेट कोडिङ नभएको हुँदा आगामी आ.व.मा बजेट कोडिङ गर्नका लागि सुझाव समेत प्रदान गरिएको र नगरपालिकाबाट सो प्रतिवद्धता समेत व्यक्त भएको।

- शाखामा कार्यरत कर्मचारीहरुको कार्यक्षमतामा अझ विकास गर्नुपर्ने देखिएको ।
- संघ संस्थाहरुसँगको समन्वयको अवस्था राम्रै देखिएतापनि अझ प्रभावकारी बनाउनुपर्ने ।

अनुगमनको स्थलगत फोटोहरुः

- फोटो प्रतिवेदनको अनुसूचीमा समावेश गरिएको छ ।

तथ्याङ्कीय सूचकहरुः

आर्थिक वर्षः २०८१/८२

**प्रतिबेदनको अवधिः २०८१ श्रावण १ गतेदेखि २०८२ ज्येष्ठ मसान्तसम्म**

**प्रदेश/स्थानीय तहको नाम : कोशी प्रदेश/धनकुटा नगरपालिका**

| सूचकहरु | विवरण | तथ्यांकको श्रोत |
|---|---|---|
| महिलाको जनसंख्या | १८७९१ | जनगणना, २०७८ |
| सामाजिक सुरक्षा भत्ता पाउने एकल महिलाको संख्या | ७२५ | पञ्जिकरण शाखा |
| लैङ्गिक उत्तरदायी वजेट (प्रतिशतमा) | | |
| स्थानीय तहमा महिलाको प्रतिनिधित्व (प्रतिशतमा) | ३८.८८ | निति तथा कार्यक्रम पुस्तिका |
| लैङ्गिक हिंसाका घटना | ४१ (महिला पुन:स्थापना केन्द्र) | महिला तथा बालबालिका शाखा |
| हवाई उद्धार गरिएको गर्भवती महिलाको संख्या | छैन | |
| लैंगिक हिंसा पिडित/ प्रभावितको लागि संचालित सेवा केन्द्र संख्या | १ | महिला तथा बालबालिका शाखा |
| लैंगिक हिंसा पिडित/ प्रभावितको लागि संचालित सेवा केन्द्रमा आश्रय लिनेको संख्या | ६५० भन्दा वढी (महिला पुन:स्थापना केन्द्रमा) | |
| स्थानीय तहमा मानव वेचविखन विरुद्धको स्थानीय समिति गठन भए/नभएको | नभएको | |
| मानब बेचबिखनका पिडित/ प्रभावित हरुको लागि संचालित पुनर्स्थापना केन्द्रको संख्या | नभएको | |
| मानब बेचबिखनका पिडित/ प्रभावित हरुको लागि संचालित पुनर्स्थापनाकेन्द्रमा आश्रय लिनेको संख्या | नभएको | |
| यौनिक तथा लैंगिक अल्पसंख्यकरुको संख्या (बिबरण) | नभएको | |
| **२. बालबालिका तथा किशोर किशोरी** | | |
| बालबालिकाको जनसंख्या (१८ वर्ष सम्म) | १०८९४ | जनगणना, २०७८ |
| सामाजिक सुरक्षा भत्ता पाउने वालवालिकाको संख्या | १६० | पञ्जिकरण शाखा |
| बालविकास केन्द्रको संख्या | ४८ | शि.वि.स.ई, धनकुटा |
| बालगृहहरुको संख्या | १ | महिला तथा बालबालिका शाखा |
| बालगृहमा पुर्नस्थापना भएका बालबालिकाको जम्मा संख्या | १३ | |
| बालगृहमा आश्रय लिने वालिकाको संख्या | ६ | |

| सूचकहरु | विवरण | तथ्यांकको श्रोत |
|---|---|---|
| बालगृहमा आश्रय लिने वालकको संख्या | ७ | |
| सडक बालबालिकाको संख्या | नभएको | |
| बालबालिकाको क्षेत्रमा विनियोजित रकम (प्रतिशतमा) | ०.९८ | आर्थिक प्रशासन शाखा |
| स्थानीय तहमा बालकल्याण अधिकारीको व्यवस्था | छ | महिला तथा बालबालिका शाखा |
| स्थानीय तहमा बालउद्दार कोषको व्यवस्थाको अवस्था | नभएको | |
| **३. न्यायिक समितिमा परेका उजुरीहरुको विवरण** | | |
| न्यायिक समितिमा परेका जम्मा उजुरीहरुको संख्या | ९३ हालसम्म | न्यायिक समिति |
| फर्छ्यौट गरेको संख्या | ७१ हालसम्म | न्यायिक समिति |
| अदालतमा पठाएको मुद्दाको संख्या | ४ | न्यायिक समिति |
| बालबिबाह | नभएको | |
| जवरजस्ती करणी | नभएको | |
| जवरजस्ती करणीको उद्दोग | नभएको | |
| घेरेलु हिंसा | नभएको | |
| मानब बेचबिखन | नभएको | |
| सम्बन्ध विच्छेद | ४५ | पञ्जिकरण शाखा |
| बहुविवाह | नभएको | |
| बोक्सीको आरोप | नभएको | |
| वैवाहिक जवरजस्ती करणी | नभएको | |
| गर्भपतन | नभएको | |
| दाइजो | नभएको | |
| कुटपीट/लुटपिट | नभएको | |
| अपहेलना | ३ जना | न्यायिक समिति |
| यातना | नभएको | |
| अन्य (खुलाउने)स्थानीय निकायको अनुगमनको अवस्था( सेवा केन्द्र तथा बाल सुधार गृहको ) | | |
| **४. ज्येष्ठ नागरिक** | | |
| ज्येष्ठ नागरिकको संख्या | ४०३० | जनगणना २०७८ |
| सामाजिक सुरक्षा भत्ता पाउने महिला ज्येष्ठ नागरिकको संख्या | १४२३ | पञ्जिकरण शाखा |
| सामाजिक सुरक्षा भत्ता पाउने पुरुष ज्येष्ठ नागरिकको संख्या | १००६ | पञ्जिकरण शाखा |
| ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र | ८ | महिला तथा बालबालिका शाखा |
| निर्माण भएको बृद्धाश्रम संख्या | १ | |
| बृद्धाश्रममा आश्रित ज्येष्ठ नागरिकको संख्या | ३८ | |
| सय बर्ष भन्दा माथिका ज्येष्ठ नागरिकहरुको संख्या | ८ | पञ्जिकरण शाखा |

| सूचकहरु | विवरण | तथ्यांकको श्रोत |
|---|---|---|
| बिपन्न /असहाय ज्येष्ठ नागरिकहरुको संख्या | नभएको | |
| सडकबाट उद्दार गरिएका ज्येष्ठ नागरिकको संख्या | नभएको | |
| जेष्ठ नागरिकको क्षेत्रमा विनियोजित रकम (प्रतिशतमा) | रु ५०००००। | आर्थिक प्रशासन शाखा |
| **५. अपाङ्गताको सम्बन्धमा** | | |
| सीपमूलक तालिम प्राप्त अपाङ्गता भएका ब्यक्ति | नभएको | |
| पूर्ण अशक्त अपाङ्गता (क) श्रेणीका सुरक्षा भत्ता पाउने ब्यक्ति | ८९ | पञ्जिकरण शाखा |
| अति असक्त अपाङ्गता (ख) श्रेणीका सुरक्षा भत्ता पाउने ब्यक्ति | २२३ | पञ्जिकरण शाखा |
| अपाङ्गता पुनस्थार्पना केन्द्र संख्या | नभएको | |
| अपाङ्गता पुनस्थार्पना केन्द्रमा पुनर्स्थापित संख्या | नभएको | |
| सडकबाट उद्दार गरिएका अपाङ्गता भएका ब्यक्ति | नभएको | |
| अपांगता क्षेत्रमा विनियोजित रकम (प्रतिशतमा) | रु ५४४८९०। | |
| रातो कार्ड पाउनेको संख्या(क श्रेणीको) | ८५ | महिला बालबालिका शाखा |
| निलो कार्ड पाउनेको संख्या (ख श्रेणीको) | २३४ | |
| पहेलो कार्ड पाउनेको संख्या (ग श्रेणीको) | ७६ | |
| सेतो कार्ड पाउनेको संख्या (घ श्रेणीको) | ६२ | |

- लैङ्गिक हिंसाका घटना तथा लैङ्गिक हिंसापिडित/प्रभावितहरुको सेवा केन्द्रमा आश्रय लिनेको संख्या न्यायिक समितिमा दर्ता नभइ अपाङ्गता पुन:स्थापना केन्द्रबाट प्राप्त विवरण हो । साथै मानव बेचविखनसँग सम्बन्धित घटना तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यकसँग सम्बन्धित विवरणहरु पालिकाको अभिलेखमा नरहेको ।
- पालिकामा सडक बालबालिकाको संख्या दर्ता नभएको साथै बालउद्धार कोषको व्यवस्था समेत नरहेको ।
- बालबिवाह, जवरजस्ती करण, जवरजस्ती करणी उद्योग, घरेलु हिंसा, मानव बेचबिखन, बहुबिवाह, बोक्सीको आरोप, बैवाहिक जवरजस्ती करणी, गर्भपतन, दाइजो, कुटपिट/लुटपिट, यातना विषयक उजुरीहरु पालिकास्थित न्यायिक समितिमा नपरेका ।
- विपन्न असहाय ज्येष्ठ नागरिक तथा सडकबाट उद्धार गरिएका ज्येष्ठ नागरिकको संख्या पालिकाको अभिलेखमा नरहेको ।
- पालिकाभित्र अपाङ्गता पुन:स्थापना केन्द्र तथा पुन:स्थापना केन्द्रमा पुन:स्थापित अपाङ्गको संख्या तथा सडकबाट उद्धार गरिएका अपाङ्गताको कुनै अभिलेख नभएको ।

अनुगमन कर्ताको नाम र दस्तखत:

पद:

श्रेणी:

मिति:

राजिव सुवेदी
